# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ७३ | काठमाडौं | शनिबार, २१ असार २०८२ | Prabhab National Daily | Saturday, July 05, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com




हुम्लाको खार्पुनाथ गाउँपालिका–१ मा पर्ने बोक्चेगौडा भिरको सडक स्तरोन्नतिका क्रममा काम गर्दै गरेका श्रमिक।

*तस्बिरः दाने बोहरा/रासस*

मनसुनको हावापानीको अद्यावधिक आकलन

# मधेस प्रदेशको दक्षिण भूभागमा कम वर्षा हुने

**काठमाडौं (प्रस)–** जल तथा मौसम विज्ञान विभागले जुलाईदेखि सेप्टेम्बर (असार १७ देखि असोज १४) सम्मको तीन महिनामा मधेस प्रदेशका दक्षिणी भूभागमा सरदरभन्दा कम वर्षा हुने अद्यावधिक आकलन सार्वजनिक गरेको छ।

विभागले कोशी प्रदेशका दक्षिणी भूभागमा सरदर र देशका बाँकी भूभागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको अद्यावधिक विवरण सार्वजनिक गरेको विभागका सूचना अधिकारी दिनाकर कायस्थले जानकारी दिए। यसअघि विभागले गत जेठ १८ देखि असोज १४ सम्मको चार महिनाको मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको तथा अधिकतम तापक्रम र न्यूनतम तापक्रमसमेत देशभर सरदरभन्दा बढी रहने आकलन सार्वजनिक गरेको थियो।

अहिले फेरि मनसुनको हावापानीको अवस्था अद्यावधिक गर्दै विभागले नयाँ आकलन सार्वजनिक गरेको हो। जसअनुसार कर्णाली प्रदेशको पूर्वी भूभाग, लुम्बिनीको उत्तरी भूभाग र गण्डकीको अधिकांश भूभागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना विगतको आकलनझैं ५५ देखि ६५ प्रतिशत रहेको छ।

सुदूरपश्चिम प्रदेशको दक्षिणी भूभाग, लुम्बिनीको पश्चिमी भूभाग, गण्डकीको उत्तर पूर्वी भूभाग, बागमती र कोशी प्रदेशको उत्तरी भूभागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको विभागका सूचना अधिकारी दिनाकर कायस्थले जानकारी दिए। सुदूरपश्चिमको उत्तरी भूभाग, लुम्बिनीको दक्षिणपूर्वी भूभाग, बागमतीको दक्षिणी भूभाग र कोशी प्रदेशको मध्य भूभागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ।

क्रमशः पृष्ठ २ मा

- कर्णाली प्रदेशको पूर्वी भूभाग, लुम्बिनीको उत्तरी भूभाग र गण्डकीको अधिकांश भूभागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना विगतको आकलनझैं ५५ देखि ६५ प्रतिशत
- सुदूरपश्चिम प्रदेशको दक्षिणी भूभाग, लुम्बिनीको पश्चिमी भूभाग, गण्डकीको उत्तरपूर्वी भूभाग, बागमती र कोशी प्रदेशको उत्तरी भूभागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत

# नैतिक संकटमा ओली सरकार

## बजेट वितरणमा कांग्रेसको असन्तुष्टि, शीतलनिवास पुगेर दाहालले गरे गुनासो



अहिले जे भइरहेको छ, त्यसबाट जनता सन्तुष्ट छैनन्। निष्ठापूर्वक जनताको हितको पक्षलाई प्राथमिकता दिएनौं भने स्थिति गम्भीर छ

**पुष्पकमल दाहाल**
अध्यक्ष, माओवादी केन्द्र



एक वर्षदेखि यो कहिलेकाहीँ भाषण, नारा र चर्चामा मात्र सीमित छ। यो जनतासमक्ष गरेको प्रतिबद्धतामा धोका हो र गठबन्धन सरकारको असफलता हो।

**अर्जुननरसिंह केसी**
नेता, नेपाली कांग्रेस

**प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओली छ दिने स्पेन भ्रमण सकेर शुक्रबार स्वदेश फर्केका छन्। सधैंजसो विदेश भ्रमणपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीसँग आफ्नो भ्रमण अनुभव साटफेर गर्ने चलनविपरीत यसपटक प्रधानमन्त्री ओली पत्रकार सम्मेलन नगरी सीधै बालुवाटार गए।

विकासका लागि वित्त सम्मेलनमा भाग



लिन ओली असार १४ गते स्पेन गएका थिए। ओलीले प्रेस छल्नुको मुख्य कारण बुधबार मध्यरातमा सर्वोच्च अदालतले गरेको संवैधानिक आयोगका ५२ पदाधिकारीको नियुक्ति निरन्तरता दिएको फैसलाका कारण हुनसक्ने कतिपयको अनुमान छ। सर्वोच्चले नेकपाकालमा प्रधानमन्त्री रहेका ओलीले गरेको असवैधानिक नियुक्तिलाई निरन्तरता दिने आदेश दिएको थियो।

प्रधानमन्त्री ओली प्रेससँग सवालजवाफमा नउत्रनुको अर्को कारण हो सरकारमा देखिएको संकट। हालै ओली सरकारलाई उपेन्द्र यादवको दल जनता समाजवादी पार्टी (जसपा) नेपालले समर्थन फिर्ता लिएको छ। शुक्रबार नागरिक उन्मुक्ति पार्टीले पनि सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ। यी दलले सरकारमा रहनुको औचित्य पुष्टि नभएको भन्दै समर्थन फिर्ता लिएका छन्। यी दुई दल बाहिरिँदा गठबन्धनको अंकगणितमा

- उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल र नागरिक उन्मुक्ति पार्टी सरकारबाट बाहिरिँदा सरकार नैतिक संकटमा
- जसपाले समर्थन फिर्ता लिएसँगै राष्ट्रिय सभामा सरकार अल्पमतमा
- ओली नेतृत्वको गठबन्धनलाई लिएर कांग्रेस केन्द्रीय समितिमा पनि प्रश्न

तत्काललाई कुनै प्रभाव नपरे पनि सहभागी दलले समर्थन फिर्ता लिएपछि सरकारमा नैतिक संकट भने देखिएको छ। अहिले प्रतिनिधिसभामा यादव नेतृत्वको जसपा नेपालसँग पाँच सिट र नागरिक उन्मुक्तिसँग चार सिट रहेको छ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# स्वार्थप्रेरित समूहको अगाडि झुक्दिनँः श्रममन्त्री भण्डारी

**प्रभाव संवाददाता**




**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगार क्षेत्रमा देखापरेका समस्यालाई सुधार गर्ने क्रममा स्वार्थप्रेरित शक्ति समूहबाट आएको अवरोध र दबाबको अगाडि आफू नझुक्ने बताएका छन्। शुक्रबार नेपाल वैदेशिक रोजगार व्यवसायी नेवा समाजको छैटौं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै मन्त्री भण्डारीले यस्तो बताएका हुन्।

रोजगारीका लागि विदेश गएका नेपालीहरू विगत १६ वर्षमा १४ हजारले ज्यान गुमाउनु गम्भीर विषय भएको उल्लेख गर्दै श्रममन्त्री भण्डारीले श्रम र पसिना बगाउन पुगेका नेपालीहरू जीवन गुमाउनु दुर्भाग्य भएको बताए। वैदेशिक रोजगारका नाममा दिनहुँ सयौं व्यक्तिलाई ठग्ने कार्य कदापि स्वीकार्य नहुने उनले बताए।

वैदेशिक रोजगार व्यवसाय सम्मानजनक हुनसक्ने अवस्था रहँदारहँदै व्यवसायीले आफू व्यवसायी भनेर सम्मानपूर्वक भन्न नसक्ने अवस्था आएको उनको भनाइ थियो। वैदेशिक रोजगारमा भएको जालसाजी र ठगीलाई इंगित गर्दै मन्त्री भण्डारीले व्यवसायीलाई व्यावसायिक धर्मभन्दा अन्य विषयमा केन्द्रित नहुन आग्रह गरे। वैदेशिक रोजगारमा जाने श्रमिकको हक हितलाई समेत ध्यान दिन उनले सुझाव दिएका छन्।

नेपालीहरू विदेशमासमेत न्यून ज्यालामा काम गर्नुपरेको विषयमा आफ्नो ध्यान केन्द्रित भएको उनको भनाइ थियो। नेपालीहरूले अन्य मुलुकका श्रमिककै हाराहारीमा तलब सुविधा पाउनुपर्ने अडान व्यवसायीहरूबाट पनि आउनुपर्ने आवश्यकता औंल्याए। संयुक्त अरब इमिरेट्स (युएई) मा जाने श्रमिकलाई एक हजार दिरामभन्दा कमको डिमाण्ड ल्याए स्वीकार नहुने उनले प्रस्ट पारे। बढेको तलब भत्तामा कुनै दायाँबायाँ नगरी कडाइका साथ कार्यान्वयन गर्ने भनाइ राख्दै आगामी दिनमासमेत श्रमिकको सुविधालाई क्रमशः बढाउने धारणा व्यक्त गरे। उनले वैदेशिक रोजगारमा गएका नेपाली श्रमिकलाई विकासको सारथीको रूपमा हेर्नुपर्ने विषय आफूले अन्तर्राष्ट्रिय मञ्चहरूमा गम्भीरतापूर्वक उठाइसकिएको धारणा व्यक्त गरे।

क्रमशः पृष्ठ २ मा

# विधेयक शीघ्र पास गर्न प्रगतिशील मञ्चको आग्रह

**काठमाडौं (प्रस)–** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेलाई भेटेर केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक पास गर्ने प्रक्रियालाई शीघ्रता दिन अनुरोध गरेको छ। शुक्रबार मञ्चको एक प्रतिनिधिमण्डलले विधेयक पास गर्ने प्रक्रिया छिटो अगाडि बढाउन सभामुखसमक्ष अनुरोध गरेको हो।

वैदेशिक रोजगार व्यवसायीको टाउको दुखाइको विषय बन्दै आएको सय संख्याको प्रावधान खारेजी गर्ने व्यवस्थासहित गत वैशाख १६ गते प्रतिनिधिसभाबाट पारित भएको थियो। राष्ट्रिय सभाले पनि उक्त विधेयक पारित गरिसकेको छ। अब उक्त विधेयक प्रतिनिधिसभाले स्वीकार गरे सभामुखमार्फत राष्ट्रपतिकोमा जान्छ। राष्ट्रपतिले प्रमाणीकरण गरेपछि राजपत्रमा प्रकाशित भएपछि कार्यान्वयनमा आउँछ।

चालु आर्थिक वर्ष २०८१/८२ सकिनै लाग्दा व्यवसायीलाई संस्था नविकरण गर्दा १०० संख्याको प्रावधानले समस्यामा पार्ने गरेको छ। उक्त भेटमा राष्ट्रिय सभाबाट प्राप्त सुझावसहितको विधेयक यही असार २३ गते प्रतिनिधिसभामा टेबल हुने जानकारी सभामुखले गराएका थिए।

मञ्चका तर्फबाट अध्यक्ष जनक रावल, वरिष्ठ उपाध्यक्ष डा. डिकबहादुर खत्री, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान अध्यक्ष राजेन्द्र भण्डारीलगायतको टोलीले सभामुख घिमिरेलाई भेटेका थिए।





जनहितमा जारी सन्देश

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# हैजा रोग नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाले हैजा रोग नियन्त्रणका लागि ३२ वटै वडामा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ । अभिमुखीकरण कार्यक्रमसँगै नागरिकले पिउनेपानीको नमूना परीक्षण गर्ने तयारीसमेत गरिएको महानगरको महामारी रोग रोकथाम तथा नियन्त्रणका लागि सम्पर्क व्यक्ति ऋषि भुसालले जानकारी दिए ।

उनका अनुसार विगतको वर्षभन्दा यस वर्ष मनसुन छिट्टै भित्रिएको र नियमितजस्तै पानी परिरहेकाले हैजाका बिरामी बढ्न सक्ने अनुमान गर्दै महानगरले नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको हो । यो कार्यक्रम महानगरका ३२ वटै वडामा सुरु गरिएको भुसालले जानकारी दिए ।

विगतका वर्षमा बल्खु, कालीमाटी, टंकेश्वर क्षेत्रमा हैजाका बिरामीहरू भेटिएका थिए । दूषित पानीबाट सर्ने ब्याक्टेरियाजन्य रोगहरूमध्ये एक हो हैजा । पिउनेपानी र खानेकुरा नै हैजाको प्रमुख कारण मानिन्छ । व्यक्तिगत वा वरपरको सरसफाइमा ध्यान नदिनु र लक्षण नदेखिएका संक्रमितसँग सम्पर्कमा आउनुलेसमेत मानिसमा यो रोग सर्ने गरेको चिकित्सकहरूले बताउने गरेका छन् । हैजा जीवाणुको संक्रमणका कारण हुन्छ । सामान्यतया पखाला लाग्ने यो रोगको तत्काल उपचार नभए बिरामीको मृत्युसमेत हुनसक्छ ।

## पृष्ठ १ बाट क्रमशः

## नैतिक संकटमा...

राष्ट्रिय सभामा त जसपाले समर्थन फिर्ता लिएसँगै सरकार अल्पमतमा परिसकेको छ । कांग्रेस र एमालेबीच मिलीजुली सरकार बनाउने सहमतिसँगै २०८१ असार २९ गते ओली प्रधानमन्त्री बनेका थिए । ओली नेतृत्वको गठबन्धनको नेतृत्वलाई लिएर कांग्रेस केन्द्रीय समितिमा पनि प्रश्न उठेको छ ।

कांग्रेस नेता अर्जुननरसिंह केसीले सरकार गठनको सहमतिको समयमा दुई दलबीच संविधान संशोधन गर्ने बुँदालाई जोड दिए पनि अहिले यसबारे केही नभएको बताए । यो जनताका लागि धोका भएको केसीको दाबी छ । 'एक वर्षदेखि यो कहिलेकाहीँ भाषण, नारा र चर्चामा मात्र सीमित छ । यो जनतासमक्ष गरेको प्रतिबद्धतामा धोका हो र गठबन्धन सरकारको असफलता हो,' केसीले जारी केन्द्रीय समितिमा भनेका छन् ।

कांग्रेस केन्द्रीय सदस्य प्रतिमा गौतमले बजेट वितरणमा सरकारले मनपरी गरेको भन्दै असन्तुष्टि पोखिन् । 'बजेटका विषयमा संघ र प्रदेश सरकारका मन्त्रीहरूले बजेट वितरण पारदर्शीरूपमा गरेनन्,' गौतमले भनिन्, 'लुटको धन फुपूको श्राद्ध भनेझैँ आफ्नै क्षेत्रभित्र मात्रै लैजानपर्ने । यो भएन अब पार्टीले वैज्ञानिक ढंगबाट बजेट वितरण प्रणालीको विधि बनाउन लाग्नुपर्छ ।'

केन्द्रीय समितिको पहिलो दिनै असार १६ गते संस्थापनइतरका नेता डा. शेखर कोइरालाले गठबन्धनको औचित्य पुष्टि गर्न कांग्रेस सभापति शेरबहादुर देउवालाई चुनौती दिएका थिए । 'के कारणले कांग्रेसले एमालेलाई सत्ताको नेतृत्व दियो ? यदि संविधान संशोधनका लागि यो सत्ता गठबन्धन हो भने सातबुँदे सहमतिमा लेखिएको संविधान संशोधनको मुद्दा कहाँ पुग्यो ? सभापतिज्यूले यसको चितबुझ्ने जवाफ दिनुपर्छ,' कोइरालाको प्रश्न थियो ।

### स्थिति गम्भीर छः अध्यक्ष दाहाल

हरेकजसो वक्तव्यमा सरकार छिट्टै ढलिहाल्ने अभिव्यक्ति दिन पछि नपर्ने नेता हुन् नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल । शुक्रबार दाहालले सर्वोच्चको निर्णयसँग असन्तुष्टि जनाउँदै गम्भीर समीक्षा आवश्यक भएको बताए । 'सरकार कसरी चलेको छ, संसद् र न्यायालयको अवस्था के छ यो सबै गम्भीर समीक्षा आवश्यक छ,' दाहालले भने ।

गिरिजाप्रसाद कोइरालाको १०२औं जन्मजयन्तीका अवसरमा शुक्रबार शीतलनिवासमा आयोजित विशेष कार्यक्रमलाई सम्बोधन गर्दै दाहालले जनतासँग गरेका कबुल पूरा गर्नतिर सरकार नलागेको आरोप लगाए । 'हामीले विस्तृत शान्ति सम्झौता गर्दा जनतासँग जे कबुल गरेका थियौं, के त्यतैतिर अगाडि बढेका छौं त ?,' दाहालले प्रश्न गरे, 'अहिले चलिरहेको संसदीय अभ्यास, न्याय क्षेत्रको कामकारबाही, सरकारले गरेका गतिविधि के हामी लोकतन्त्र र परिवर्तनको जनताको अभ्यासतर्फ अग्रसर छौं ?'

आफू जनताको भावना बुझ्न देश घुमेको दाबी गर्दै दाहालले थपे, 'म अहिले जनताको भावना र पिरमर्का बुझ्न अभियानमा निस्केको हुँ । अहिले जे भइरहेको छ, त्यसबाट जनता सन्तुष्ट छैनन् । निष्ठापूर्वक जनताको हितको पक्षलाई प्राथमिकता दिएनौं भने स्थिति गम्भीर छ ।'

■■■

## मधेस प्रदेशको ...

कोशी प्रदेशका दक्षिणी भूभागमा सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ भने मधेस प्रदेशका मध्य तथा पूर्वी भूभागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागले जनाएको छ । उक्त अद्यावधिक आकलन विश्व मौसम संगठनको विश्वभर तथा क्षेत्रीयस्तरको जलवायु सूचना तथा उत्पादन गर्ने केन्द्रको हावापानीको प्रारूपहरूको आकलन र साउथ एसियन सेसन क्लाइमेट आउटलुक फोरमको आकलनका आधारमा गरिएको हो ।

यस्तै नेपालको मनसुन ऋतुको जलवायु प्रभाव पार्ने पूर्वी प्रशान्त महाशाखामा विकसित हुने एल्निनो र साउदर्न ओसिलिएसन तथा हिन्द महासागरमा विकसित हुने इण्डियन ओसन डिपोलको हालको अवस्था तथा जलवायु प्रारूपको मनसुन ऋतुको आकलन, युरोप तथा एसियामा गत हिउँद तथा प्रिमनसुन ऋतुमा परेको हिउँ, अन्तरऋतु परिवर्तनका कारकहरूका आधारमा आकलन गर्ने गरिएको विभागका सूचना अधिकारी दिनाकर कायस्थले जानकारी दिए ।

■■■

## स्वार्थप्रेरित...

'आन्तरिक होस् या वैदेशिक रोजगारका समग्र क्षेत्रमा सुधारका लागि मन्त्रालयले आफ्नो कार्ययोजना अघि बढाइसकेको अवस्थामा सबै सरोकारवालाहरूले भावि सन्ततिका लागि एक ठाउँमा बसेर इमान्दारीपूर्वक कार्य गर्न जरुरी छ,' मन्त्री भण्डारीले भने ।

# शुक्लाफाँटामा दुर्लभ सुनौलो तोप चराको गणना सुरु

**कञ्चनपुर (प्रस)**– शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा शुक्रबारदेखि विश्वमै दुर्लभ सुनौलो तोप चराको गणनाको कार्य सुरु गरिएको छ । नेपाल पन्छी संरक्षण संघ (विसिएन)को आयोजना तथा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको सहकार्यमा गणनाको कार्य सुरु गरिएको हो ।



निकुञ्ज र विसिएनका आठ जनाको प्राविधिक टोलीले निकुञ्ज क्षेत्रमा पाँच दिनसम्म सुनौलो तोप चराको गणनाको कार्य गर्ने छ । 'वाइनाकुलर, क्यामरा, दुरबिन, जिपिएसलगायतको मद्दतले गणनाको कार्य गर्छौं,' नेपाल पन्छी संरक्षण संघका चराविज्ञ हिरूलाल डगौराले भने, 'हिँडेर पुग्न सकिने ठाउँमा स्थलगतरूपमा पुगेर गणनाको कार्य गर्छौं, हिँडेर पुग्न नसकिने क्षेत्रमा हात्तीमा चढेर गणनाको कार्य गर्छौं ।'

निकुञ्जसँगै दुई दिन निकुञ्ज बाहय क्षेत्रमा पनि गणनको कार्य हुने उनले बताए । उनका अनुसार निकुञ्जभित्रका सिकारी ताल, शुक्लाफाँटा, मालुवेला, लालपानी, हरैया फाँटा, पन्छीताल, वीरसिंह टापु, सुन्दरीफाँटा, सिंहपुरफाँटा, लालपानी, राधापुरफाँटा, बढनी खेरा, अण्डैयापटैयालगायत क्षेत्रमा सुनौलो तोप चरा गणनाको कार्य गरिने छ ।

गणनका क्रममा चराको संख्यासँगै भाले, पोथीको संख्या यकीन गरिने छ । योसँगै गुँडको अवस्था कस्तो छ, कुन प्रजातिका रूखमा गुँड लगाउने गरेको छ, रूखको उचाइ, त्यस क्षेत्रमा रहेको घाँसका प्रजाति, आहाराको अवस्था, सिकारी चराले पुर्याउने नोक्सानी, सुरक्षा चुनौतीलगायतबारे अध्ययन र अनुसन्धानको कार्य गरिने चराविज्ञ डगौराको भनाइ छ ।

दक्षिण एसियाको नेपाल र भारतमामात्रै पाइने संकटापन्न अवस्थामा रहेको सुनौलो तोपको अवस्था अध्ययनको कार्य गरी त्यसैअनुरूप संरक्षणको योजना बनाइने निकुञ्जका रेञ्जर प्रयास केसीले बताए । उनका अनुसार नेपालका संरक्षित क्षेत्रमध्ये शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा मात्रै सुनौलो तोप चरा पाइन्छ । निकुञ्जको घाँसेमैदानका बीच भागमा यस चराले गुँड लगाउने गर्दछ । झट्ट हेर्दा भँगेराजस्तै देखिने र पहेँलो रङको हुने भएकाले यसलाई सुनौलो तोप भनिएको उनले बताए ।

'रूखका हाँगामा कलात्मक तरिकाले पात सिएर चराले गुँड लगाउने गर्दछ, गुँड बनाएर यसले बच्चा जन्माउने गर्दछ,' केसीले भने, 'तोप चरा सुनौलो रङको धर्के परेको सुन्दर हुन्छ ।' सन् १९९६ मा निकुञ्जमा सुनौलो तोप पहिलोपटक देखिएको थियो ।

'त्यसयता निकुञ्जले नियमितरूपमा यसको संरक्षण गरी तथ्यांक संकलन गरिरहेको छ, निकुञ्जमा सुनौलो तोप चरा १०० को हाराहारीमा रहेको छ, किसानको साथीका रूपमा रहेको सुनौलो तोप चराले कीराफटचांग्रा खान मन पराउँछ,' निकुञ्जका संरक्षण अधिकृत पुरुषोत्तम बाग्लले भने, 'सामूहिकरूपमा गुँड लगाउने, बस्ने र सामूहिकरूपमा आहारा खोज्न जाने भएकाले यसलाई सामाजिक चराका रूपमा पनि लिने गरिन्छ ।'

निकुञ्ज नजिकका ताल, सिमसार क्षेत्र नजिकका काँडेदार रूखमा गुँड लगाउने यसको विशेषता रहेको उनको भनाइ छ । उनका अनुसार मनसुनको समय सुनौलो तोप चराले अन्य समयमा भन्दा बढी प्रजनन गर्ने गर्दछ । ३०५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको निकुञ्जमा सुनौलो तोप चरासँगै ४०० बढी प्रजातिका चरा पाइन्छन् ।


## मोटरसाइकल हराएको सूचना

मिति २०८२/०३/०६ गते का.जि.ता.न.पा वडा नं.५ न्हाँकान्टोलमा आँफू बस्दै आएको घर बाहिर आँगनमा पार्किङ गरिराखेको Sparkle metal red black रङ्को 150 cc Pulsar मोटरसाइकल रातको अन्दाजी १०:०० देखि बिहानको ८:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**कम्पनीको नाम : हुलास अटोक्राफ्ट प्रा.लि.**
**सवारी धनीको नाम : दल विर वि.क.**
**बाइक नं.: लुम्बिनी प्रदेश ०१, ००३ प ६७६४**
**च्यासिस नं.: MD2A11CX9RPE60243**
**इन्जिन नं. : DHXPRE27216**
**ठेगाना : का.जि.ता.न.पा-५, न्हाँकान्टोल**
**सम्पर्क: ९८५१४०००८६**

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**सूचना प्रकाशन मिति २०८२/०३/२१**

यस सामुदायिक वन उपभोक्ता समूहबाट गत आ.व.मा संकलन भएको साल, असना जातको गोलिया १६४६.११ क्यू.फि. काठ र साल दाउरा ६ चट्टा लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री लैधापानी तिनपोखरी सा.व.उ.स., रैनादेवी छहरा-७, पाल्पा ।**

## नेपाल सरकार
## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
## कम्पनी रजिष्ट्रारको कार्यालयको
### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७७/०६/१२ मा दर्ता भएको **प्रा.लि.नं. २४३२९५** को **के.टि.एम. कार्ट अनलाईन सपिङ्ग प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०३/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## प्रमाण पत्र हरायो

मिति २०८२/०१/११ गते कालिमाटीबाट त्रिपुरेश्वर जाँदा मेरो निम्न व्यहोरा भएको नेपाल नर्सिङ परिषद्को प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाई दिनुहुन अनुरोध गर्दछु ।

**नाम :** प्रेरणा डंगोल
**प्र.प.नं. :** १३९७७
**स्थायी ठेगाना :** जिवनस्मृती मार्ग, छाउनी, काठमाडौं
**सम्पर्क नं :** ९८४१४४४७४७

## डिभिजन वन कार्यालय कैलालीको काठ लिलाम बिक्री सम्बन्धी सूचना

**(प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८२/०३/२१)**

डिभिजन वन कार्यालय कैलाली अन्तर्गत आ.व. २०८१/०८२ मा गौरीगंगा न पा ४ स्थित उछिट्टे भावर राष्ट्रिय वनको प्लट नं १.२०८१।२०८२ बाट खयर र सिसौ जातको रूखहरूबाट गोलिया काठ तथा दाउरा संकलन भई वागजला मन्दिर कम्पाउण्ड, गौरीगंगा न. पा. ४ घाटगद्दी रहेको सिसौ गोलिया काठ १०२५.९७ क्यू फि, खयर गोलिया काठ ३५२४.५७ क्यू फि र सिसौ दाउरा ०.७५ चट्टा लिलाम बिक्री गर्नु पर्ने भएको हुँदा उक्त काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले सिसौ गोलिया काठको हकमा मूल्य अभिवृद्धि करमा दर्ता भई सुचिकृत भएका स:मिल काष्ठ व्यवसायीहरूले र खयर गोलिया काठको हकमा मूल्य अभिवृद्धि करमा दर्ता भई सुचिकृत भएका कत्था उद्योगहरूले मात्र यो सूचना प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र श्री वन निर्देशनालय, सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली वा यस कार्यालयबाट वोलपत्र खरिद गरि शिलवन्दी बोलपत्र २२ (वाईसौ) दिनमा दिनको ३:०० बजेभित्र डिभिजन वन कार्यालय कैलालीमा दाखिला गर्न यो सूचना आव्हान गरिन्छ । यस सम्वन्धि विस्तृत विवरण सहितको जानकारीको सूचना यस कार्यालय तथा सम्वन्धित अन्य कार्यालयको सूचना बोर्डमा टांस गरिएको व्यहोरा समेत सुचित गरिन्छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/११/१७ मा दर्ता भएको **प्रा. लि. नं. १६४६१५/०७३/०७४** को **ट्राभलिङ्ग पिस नेपाल प्रा. लि.** को मिति २०८२/०३/२० को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## बोलपत्रद्धारा वनपैदावार लिलाम विक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित सूचना मिति २०८२/०३/२१ गते**

यस डिपाड सामुदायिक वन उपभोक्ता समूह मनहरी-६ मकवानपुरले आ.व.२०८१/८२ मा स्वीकृत वन कार्ययोजना वन क्षेत्रको सव कम्पार्टमेण्टको स्विकृत छैठौ वर्षको पुनरुत्पादन कटान बमोजिमअनुसार रुखहरू वाट सङ्कलन भएको मध्ये साल समेतको गोलिया थान २९३ को २६४७.९९ क्यू.फि. काठ र साल समेत प्रजातीको दाउरा १५.२५ चट्टा चट्टा समेत गरी बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुँदा जे जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र खरिद गरी २२औं दिन दिनको १२:०० बजेभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री डिपाड सामुदायिक वन उपभोक्ता समूह**
**मनहरी-६, मकवानपुर ।**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

शनिबार, २१ असार, २०८२

| | |
|---|---|
| **मेष** | सोचेको उपलब्धि तत्काल प्राप्तनहुने । |
| **वृष** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **मिथुन** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **कर्कट** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **सिंह** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **कन्या** | रोकिएका काम सम्पादन हुनेछ । |
| **तुला** | सामाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **वृश्चिक** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **धनु** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **मकर** | मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **कुम्भ** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **मीन** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल |  |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२१ असार , २०८२ (०५ जुलाई, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.८३ | १३७.४३ |
| युरो | १ को | १६०.९५ | १६१.६६ |
| पाउन्ड स्टिर्लङ | १ को | १८७.५३ | १८८.३५ |
| स्विस फ्रैन्क | १ को | १७२.६१ | १७३.३७ |
| अस्ट्रेलियन डलर | १ को | ८९.८४ | ९०.२४ |
| क्यानाडियन डलर | १ को | १००.३१ | १००.७५ |
| सिङ्गापुर डलर | १ को | १०७.४५ | १०७.९२ |
| जापानी येन | १० को | ९.५० | ९.५५ |
| चिनियाँ युआन | १ को | १९.०९ | १९.१७ |
| साउदी अरब रियाल | १ को | ३६.४९ | ३६.६५ |
| कतारी रियाल | १ को | ३७.५४ | ३७.७१ |
| थाई भाट | ख १ को | ४.२२ | ४.२४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.२५ | ३७.४२ |
| मलेसियन रिङेट | १ को | ३२.३६ | ३२.५० |
| दक्षिण कोरियन वन | १०० को | १०.०७ | १०.११ |
| स्विडिस क्रोनर | १ को | १४.३८ | १४.४४ |
| डेनिस क्रोनर | १ को | २१.५७ | २१.६७ |
| हङकङ डलर | १ को | १७.४३ | १७.५१ |
| कुवेती दिनार | १ को | ४४८.३१ | ४५०.२८ |
| बहराइन दिनार | १ को | ३६२.९८ | ३६४.५७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**तरकारी खेती** व्यावसायिकरूपमा तरकारी खेती गर्न काठमाडौंको टोखामा किसानले निर्माण गरेको टनेल ।

*तस्बिर: हरिराम भेटुवाल/रासस*

# 'नागरिकता ऐन पारित गर्न ढिलाइ नगरौं'

**काठमाडौं (प्रस)–** राष्ट्रिय सभाकी उपाध्यक्ष विमला घिमिरेले नागरिकता ऐन, २०६३ को संशोधन विधेयकलाई आवश्यक सुधार गरेर शीघ्र पारित गर्नुपर्ने बताएकी छन् । महिला कानुन र विकास मञ्चद्वारा शुक्रबार यहाँ आयोजित नागरिकता विधेयकसम्बन्धी अन्तरक्रिया कार्यक्रममा उपाध्यक्ष घिमिरेले संविधानले व्यवस्था गरेका प्रावधानलाई ऐनमार्फत कार्यान्वयन गर्न विधेयकमा आवश्यक परिमार्जन गरेर अघि बढ्न सकिने बताइन् । उनले सभासदस्यलाई यस विधेयकमाथि छलफलमा केन्द्रित हुन आग्रह गरिन् ।



'विधेयक पारित गर्न ढिला भएको छ । धेरै नागरिकले दुःख पाउनुभएको छ,' उपाध्यक्ष घिमिरेले भनिन्, 'नागरिकता विधेयक सभामा आइपुगेको छ । नागरिकता नबन्ने अवस्थामा बन्ने तर बन्नसक्ने अवस्थामा पनि नबनाइदिने प्रवृत्ति छ । यस्ता समस्या यो विधेयक पारित भएपछि समाधान हुन्छ भन्ने विश्वास छ ।'

विधेयकमाथि विषयका हिसाबले सबै राजनीतिक दल नीतिगत र सैद्धान्तिक रूपमा प्रष्ट भए पनि भाषागत त्रुटिहरूप्रति संवेदनशील बन्न उपाध्यक्ष घिमिरेले सचेत गराइन् । 'केही शब्द बिग्रिने हो कि भन्ने डर हो । कहिलेकाहीँ कानुनका शब्दले पनि अन्योलता ल्याउन सक्छ । 'र' , 'वा' लाई ख्याल नगर्दा नागरिकता जस्तो संवेदनशील विषयमा समस्या हुन सक्छ,' उनले भनिन् ।

उपाध्यक्ष घिमिरेले जिल्ला प्रशासन कार्यालयका कर्मचारीले पछिल्ला परिवर्तनलाई आत्मसात् गर्न सक्नुपर्ने बताइन् ।

कतिपय अवस्थामा कानुन भए पनि इच्छाशक्तिको अभावमा समस्या देखिएको उनको भनाइ थियो । 'नागरिकता नागरिकले पाउने परिचयपत्र मात्र नभएर राजनीतिक, आर्थिक र सामाजिक अधिकारसँग जोडिएको विषय हो । व्यक्ति राज्यसँग वैधानिक रूपमा जोडिने कुरा पनि हो,' उपाध्यक्ष घिमिरेले भनिन् ।

अन्तरक्रियामा मञ्चका निर्देशक अधिवक्ता सविन श्रेष्ठले विधेयकलाई चाँडो पारित गर्न सभासदस्यहरूसमक्ष आग्रह गरे । उनले विधेयकमा स्वघोषणाको दण्ड सजाय हटाउन सुझाव प्रस्तुत गर्दै नागरिकता बनाउँदा जवाफदेहीता र पारदर्शिता हुनुपर्नेमा जोड दिए । अधिवक्ता एवं सभासदस्यहरूले व्यवस्थापकीय पक्षमा सुधारको आवश्यकता औंल्याए । उनीहरूले विधेयक पारित भएसँगै नागरिकता प्राप्तिका व्यावहारिक समस्या सम्बोधन हुने विश्वास व्यक्त गरे ।

उक्त विधेयक केही समयअघि प्रतिनिधिसभाको बैठकले आमाका नामबाट नागरिकता दिने व्यवस्थासहित पारित गरेको थियो । विधेयकलाई राष्ट्रिय सभामा पठाइएको छ । दुवै सदनबाट पारित र प्रमाणित भएपछि प्रामाणीकरणको प्रक्रियामा जाने छ । बाबुको नागरिकताका आधारमा कुनै विदेशी मुलुकको नागरिकता नलिएको भनी निजले तोकिएबमोजिम गरेको स्वघोषणासम्बन्धी व्यवस्था गरेको छ । नागरिकताका लागि निवेदन दिँदाका बखत त्यस्तो व्यक्तिको आमाको मृत्यु भइसकेको वा होस ठेगानमा नरहेको अवस्थामा सोको प्रमाणसहित निवेदनकले गरेको स्वघोषणा संलग्न गर्नुपर्ने छ ।

नागरिकताबारे सर्वोच्च अदालतले विभिन्न समयमा जारी गरेका आदेश कार्यान्वयनका लागि विधेयक अघि बढाइएको हो । बुवाको मृत्यु भएको, पत्ता नलागेको वा नागरिकताका लागि सहयोग नगरेमा पनि आमाकै नामबाट नागरिकता लिन पाउने व्यवस्था समेटिएको छ । आमा वा बुवाले जन्मका आधारमा नागरिकता पाएको तर आमा वा बुवामध्ये एक सम्पर्कमा नरहेको अवस्थामा पनि सन्तानले नागरिकता पाउने बाटो खुल्ने विधेयकमा व्यवस्था छ । वैदेशिक रोजगारमा गएका र जन्म दिएर सन्तानसँगै नेपाल फर्केका नागरिकका सन्तानलाई पनि अंगीकृत नागरिकता प्रदानको व्यवस्था गरिएको छ ।

आमा वा बुवा एकजना नागरिक भएको र सन्तानले कस्तो नागरिकता पाउने भन्ने निर्क्यौल नभएको अवस्थामा बालिग नहुँदासम्म नाबालक परिचयपत्र जारीको व्यवस्था पनि विधेयकमा गरिएको छ ।

# योग्यताका आधारमा प्रतिस्पर्धाबाट शिक्षक छनोट गर्न माग

**काठमाडौं–** नेपाल विद्यार्थी संघ (नेविसंघ)ले योग्यताका आधारमा खुला प्रतिस्पर्धाबाट शिक्षक छनोट गर्ने कानुनी व्यवस्था गर्न माग गरेको छ । संघीय संसद्को समितिमा विद्यालय शिक्षा विधेयकका विषयमा छलफल भइरहेका बेला शिक्षक पदपूर्ति खुला प्रतिस्पर्धाबाट गर्न नेविसंघले सरोकार भएका निकायको ध्यानाकर्षण गराएको हो ।

नेविसंघका अध्यक्ष दुजाङ शेर्पाले विज्ञप्ति प्रकाशित गरेर शिक्षक छनोट प्रक्रियालाई योग्यताको आधारमा सतप्रतिशत खुला प्रतिस्पर्धाबाट मात्रै नियुक्ति गर्ने कानुनी व्यवस्था गर्न माग गरेका छन् । नेविसंघले शिक्षकहरूको मर्यादा, क्षमता, सेवासुविधा वृद्धिलगायत विषयमा ध्यानाकर्षण गराएको हो । अस्थायी तथा राहत शिक्षकका हकमा 'गोल्डेन हयाण्डसेक' जस्ता राहतको व्यवस्था गर्नुपर्ने अध्यक्ष शेर्पाले बताए ।

नेविसंघले विद्यालय शिक्षा ऐन तत्काल जारी गर्न पनि सरकारसँग माग गरेको छ । विद्यालय शिक्षासम्बन्धी कानुन संशोधन तथा एकीकरणका लागि बनेको विद्यालय शिक्षा विधेयक यही असार १५ गतेभित्र जारी गर्नेगरी सरकारले शिक्षक महासंघसहित सरोकार भएकासँग लिखित सहमति गरे पनि कार्यान्वयन भएको छैन । *रासस*

# बिपी राजमार्गको काभ्रे खण्डमा राति यातायात सञ्चालनमा रोक

■ प्रभाव संवाददाता

**काभ्रेपलाञ्चोक–** बिपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक खण्डमा भोलि आइतबारदेखि राति साढे १० घण्टा यातायात सञ्चालनमा रोक लगाइएको छ । जिल्ला प्रशासन कार्यालय काभ्रेले राजमार्गअन्तर्गत काभ्रेभञ्ज्याङदेखि सिन्धुलीको सिमाना नेपालथोकसम्म आइतबार साँझ ६:३० देखि बिहान ५:०० बजेसम्म एक महिनाका लागि सडक सञ्चालनमा रोक लगाउने जानकारी दिएको हो ।



कार्यालयद्वारा शुक्रबार जारी सार्वजनिक सूचनामा मनसुन सक्रिय भएको अवस्थामा बिपी राजमार्गमा बाढीपहिरोको सम्भावित जोखिम रहेकाले विपद्जन्य घटनाको जोखिम न्यूनीकरण गर्न उल्लिखित क्षेत्रमा एक महिनाका लागि राति यातायात सञ्चालनमा रोक लगाएको जनाइएको छ । यसअघि यही असार ६ गते काभ्रेपलाञ्चोक, सिन्धुली र रामेछाप जिल्लाको सुरक्षा समितिका पदाधिकारीको अन्तरजिल्ला समन्वय समितिको निर्णयले बिपी राजमार्गमा असार ७ गतेदेखि सोही समयमा करिब १० घण्टा १५ दिनका लागि सडक सञ्चालनमा रोक लगाएको थियो ।

मनसुनजन्य विपद्बाट हुनसक्ने जोखिमलाई मध्यनजर गर्दै उक्त राजमार्गमा सञ्चालन हुने सार्वजनिक र निजी सवारीसाधनलाई यसअघि १५ दिनका लागि राति सञ्चालनमा रोक लगाइएको काभ्रेपलाञ्चोकका प्रमुख जिल्ला अधिकारी उमेश ढकालले बताए । उनका अनुसार वर्षामा बाढीपहिरोको जोखिम भएकाले यस अवधिमा काठमाडौंबाट जाने सवारीलाई काभ्रेपलाञ्चोकको काभ्रेभञ्ज्याङ र काठमाडौंतर्फ आउने सवारीलाई सिन्धुलीको खुर्कोटमा रोकिएको थियो । आइतबारदेखि काठमाडौंबाट जाने सवारीलाई काभ्रेपलाञ्चोकको काभ्रेभञ्ज्याङ र काठमाडौंतर्फ आउने सवारीलाई सिन्धुलीको सिमाना नेपालथोकमा रोकिने छ ।


गत वर्ष असोजको बाढीपहिरोले बिपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको चौकीडाँडाबाट सिन्धुलीको बर्खेखोलासम्मको आठ किलोमिटर सडकखण्ड सडक नै बगाएको थियो । पूर्वी नेपाल जोड्ने छोटो दूरीका रूपमा रहेको यस राजमार्गबाट दैनिक हजारौं यातायातका साधन आवातजावत गर्छन् ।

बाढीपहिरोले राजमार्गको कूल १६० किलोमिटरमध्ये तेस्रोखण्डअन्तर्गत सिन्धुलीको खुर्कोटबाट नेपालथोकसम्म ३४ किलोमिटर र चौथो खण्ड नेपालथोकबाट काभ्रेपलाञ्चोकको धुलिखेलसम्म ५० किलोमिटर गरी ८४ किलोमिटर सडकको विभिन्न स्थानमा बढी क्षति पुऱ्याएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ । क्षतिग्रस्त राजमार्ग निर्माणका लागि चार खण्डमा ठेक्का प्रक्रिया अघि बढेको छ ।

# एक हप्तामा ३५ जनामा कोरोना संक्रमण

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकमा कोभिड-१९ को संक्रमण बढ्दै गएको छ । पछिल्लो समयमा नेपालमा कोभिड-१९ को संक्रमण विभिन्न जिल्लामा देखिन थालेको हो ।



इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी) का अनुसार २०८१ पुस १७ गतेदेखि २०८२ असार १९ गतेसम्म नेपालका ३१ जिल्लामा कोभिड-१९ संक्रमण पुष्टि भएको छ । हालसम्म कोभिड-१९ का २४९ जनामा कोरोना संक्रमण देखापरेको छ । एक हप्तामा ३५ जनामा कोरोना संक्रमण देखिएको छ । पछिल्लो २४ घण्टामा तीन जनामा कोरोना संक्रमण पुष्टि भएको छ । कोभिड-१९ बाट एक जनाको मृत्युसमेत भइसकेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले कोभिड-१९ संक्रमणको जोखिमलाई मध्यनजर गर्दै मन्त्रालयले देशभर १७ सीमा नाकामा रहेका 'हेल्थ डेस्क'मा कोभिड-१९ को निगरानीलाई थप प्रभावकारी बनाइएको बताए । उनले भने, 'सबै सीमा नाकाका हेल्थ डेस्कमा कोभिड-१९ आरडिटी विधिबाट परीक्षण भइरहेको छ ।'

कोभिड-१९ लगायत श्वासप्रश्वासका माध्यमबाट सर्ने अन्य विभिन्न संक्रामक रोगबाट सुरक्षित हुन मास्क लगाउने, साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने, व्यक्तिगत सरसफाइमा ध्यान दिने जस्ता मापदण्ड अपनाउन अनुरोध गरिएको छ । उनले कोभिड-१९ प्रभावित क्षेत्रबाट आएका र कोभिड-१९ सँग मिल्दाजुल्दा लक्षण भए 'सेल्फ क्वारिन्टाइन/आइसोलेसन'मा बस्न आग्रह गरे ।


## युएइमा रोजगार
कम्पनी : NAJMAT AL BURAQ FOR FACILITIES MANAGEMENT SERVICES CO.L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०३/१९ | LT. No. 326719 | चलानी नं. ६०२४०६९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Male) | 20 | 0 | 1300 | ४८,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Male Messengers | 10 | 0 | 1000 | ३७,१६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २८ गते (12th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Glocal Workforce Nepal Govt.Lic. No 1722/081/082
GLOCAL WORKFORCE NEPAL PVT. LTD.
Golfutar-8, Budhanilkantha (Near Basketball court), Kathmandu, Nepal, +9779801095962(Whatsapp), +9779802374835,+9779801095962, Web: www.workforcenepal.com

## साउदीमा रोजगार
कम्पनी : THAD TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०३/०१९ | LT. No. 326690 | चलानी नं. ६०२४०६२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 4 | 0 | 1000 | ३६,४५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 6 | 0 | 1000 | ३६,४५४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २८ गते (12th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NOOR OVERSEAS श्रम इजाजत नं. १०८८/०७३/०७४
Al Noor Overseas Pvt. Ltd
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com

## साउदीमा रोजगार
कम्पनी : EXPERTISE CLOSED JOINT STOCK COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१२/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२० | LT. No. 321012 | चलानी नं.६०२३५१२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 50 | 0 | 1000 | ३६,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : WATEEN AL AHMAR POULTRY COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०७/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२० | LT. No. 313719 | चलानी नं.६०२२८०६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३६,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : WASAF MAZID BIN ZAYED AL MUTAIRI CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०३/१९ | LT. No. 326742 | चलानी नं.६०२४०६२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ६५,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २९ गते (13th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५

## युएइमा रोजगार
कम्पनी : MMH SECURITY SERVICES

पूर्व स्वीकृति मिति : २०८१/१२/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२० | LT. No. 321388 | चलानी नं. ६०२३५८२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Male Cleaner/ordinary Labour/carpet Cleaner/dry Cleaner | 17 | 0 | 800 | २९,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Male Security Guards | 19 | 0 | 1200 | ४४,५९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २८ गते (12th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RAJ GROUP
Raj Group Of Company Pvt.Ltd.
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

## कुवेतमा रोजगार
कम्पनी : WAHAJ KUWAIT HOTEL APARTMENTS COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०७/३० | पूर्व स्वीकृति मिति : २०८२/०३/२० | LT. No. 313690 | चलानी नं. ६०२२८०७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista (Coffee Shop) | 2 | 2 | 150 | ६७,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef (Cook) | 10 | 0 | 180 | ८०,५४० | | | | | | | |
| 3 | Receptionist | 2 | 2 | 150 | ६७,११५ | | | | | | | |
| 4 | Waiter | 2 | 0 | 120 | ५३,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २८ गते (12th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ERN EXPRESS Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897, 5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## युएइमा रोजगार
कम्पनी : MAYOON TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२० | LT. No. 304220 | चलानी नं. ६०२१८९७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 800 | २९,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 4 | 0 | 1200 | ४४,५९० | | | | | | | |
| 3 | Mason | 7 | 0 | 1200 | ४४,५९० | | | | | | | |
| 4 | Steel Fixer | 5 | 0 | 1200 | ४४,५९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २८ गते (12th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Frontline Recruitment
FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Email: info@manpoweragencynepal.com

## ओमनमा रोजगार
कम्पनी : MUBADIRAT SINAW TRADING

पूर्व स्वीकृति मिति : २०८२/०३/१९ | LT. No. 326669 | चलानी नं. ६०२४०५९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dressmaker Mens Clothes | 4 | 0 | 130 | ४६,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | LADIES AND CHILDRENS DRESS MAKING | 3 | 0 | 130 | ४६,१५० | | | | | | | |
| 3 | SEWING WORKER MANUL OR MECHHNC | 7 | 0 | 130 | ४६,१५० | | | | | | | |
| 4 | TAILOR GENERAL | 8 | 0 | 130 | ४६,१५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २८ गते (12th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३०२/०७४/०७५
Lucky Human Resource Pvt.Ltd.
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

# किवीखेतीबाट

## गाउँमै भविष्य खोज्दै युवा

■ **कमल खत्री**/म्याग्दी



बेनी नगरपालिका-३ भकिम्लीमा एक दशकअघि परीक्षणका रूपमा गरिएको किवीखेती अहिले पकेट क्षेत्रको रूपमा विस्तार भएको छ। वि.सं. २०७२ मा पदमबहादुर पुन, लक्षु पुन र पृथ्वीप्रसाद पुनले काठमाडौंबाट ५० बोट किवीका बिरुवा ल्याएर परीक्षणका रूपमा खेती गरेका थिए। तत्कालीन समयमा लगाएका बोटले छ वर्षपछि फल दिन थालेपछि स्थानीय किवीखेतीमा आकर्षित भएका हुन्।

वि.सं. २०७४ मा वडा कार्यालयले 'एक घर पाँच किवी' का बिरुवा लगाउने अभियान सञ्चालन गरेपछि वडामा किवीखेतीको लहर चलेको थियो। किवीखेती सुरु भएको एक दशकमा वडामा करिब ४०० रोपनीमा किवीखेती विस्तार भएको छ। भकिम्ली, चिनाखेत, डाँडाखानी, छाप, सिम, मट्केना, भुकभुके, डोले, मुसुङ गाउँमा किवीको व्यावसायिक खेती विस्तार भएको वडाध्यक्ष पदमबहादुर पुनले बताए। उनका अनुसार, भकिम्लीमा अहिले कृषकहरूले पाँच हजारभन्दा बढी किवीका बिरुवा लगाएका छन्।

'किवीलाई स्थानीयले प्रमुख खेतीकै रूपमा अघि बढाएका छन्, वडा र नगरपालिकामार्फत किसानलाई किवीका बिरुवा, पोल, तार र सिँचाइमा अनुदान उपलब्ध हुँदै आएको छ, खेतीयोग्य जमिनमा खाद्यबालीको विकल्पमा किवीखेती विस्तार गर्ने अभियान नै चलेको छ,' वडाध्यक्ष पुनले भने। वडाभित्र सामूहिक र व्यक्तिगतरूपमा फार्म दर्ता गरेर किसानहरू गाउँलाई किवी गाउँको रूपमा विकास गर्ने प्रयासमा लागि परेका छन्।

भकिम्लीमा बेलढुंगा किसान समूहले मात्रै एक हजार २०० वटा किवीका बोट लगाएको छ। किवीखेतीको अगुवा किसानको रूपमा परिचित लालबहादुर पुनले ३००, लक्षु पुनले २५०, लालबहादुर घर्तीले २५० बोट किबी लगाएका छन्। गाउँका युवाहरूले परम्परागत कोदो, मकै फल्ने बारीमासमेत किवीखेती सुरु गरेका छन्। वडामा हाल ५० भन्दा बढी किसान किवीखेतीमा छन्।

किवीखेतीको लहर चलेपछि भकिम्लीमा किवी पकेट क्षेत्र विस्तार गरिएको बेनी नगरपालिकाकी कृषि अधिकृत आकृति ढुंगानाले बताइन्। चालु आर्थिक वर्ष २०८१/८२ मा नगरपालिकाबाट विनियोजन भएको १२ लाख रूपैयाँ बजेटलाई कृषकको ५० प्रतिशत लागत साझेदारीमा किवी पकेट क्षेत्र विस्तारमा

> किवीखेतीको लहर चलेपछि भकिम्लीमा किवी पकेट क्षेत्र विस्तार गरिएको बेनी नगरपालिकाकी कृषि अधिकृत आकृति ढुंगानाले बताइन् । चालु आर्थिक वर्ष २०८१/८२ मा नगरपालिकाबाट विनियोजन भएको १२ लाख रुपैयाँ बजेटलाई कृषकको ५० प्रतिशत लागत साझेदारीमा किवी पकेट क्षेत्र विस्तारमा परिचालन गरिएको उनले बताइन् ।
>
> किवी पकेट क्षेत्र कार्यक्रममार्फत यस वर्ष २५० वटा नयाँ बोट रोपिएको छ । किवीका बोटलाई फैलाउनका लागि ७०२ वटा पोलसहित तार टाँगिएको छ भने सिँचाइका लागि सातवटा ड्रम वितरण गर्नुका साथै सिँचाइ पाइपसमेत वितरण गरिएको छ । किवीखेती विस्तारमा वडा कार्यालय, बेनी नगरपालिकाका साथै कृषि ज्ञान केन्द्रले सहयोग गर्दै आएका छन् ।

परिचालन गरिएको उनले बताइन्।

'विगतका वर्षमा यस क्षेत्रमा फलफूलखेती प्रवर्द्धन कार्यक्रममार्फत किवीखेती विस्तारमा नगरपालिकाले सघाएको थियो, यस वर्ष किवी पकेट क्षेत्र विस्तार कार्यक्रम नै सञ्चालन गरेका छौं, नयाँ बगैंचा स्थापना र व्यवस्थापनमा नगरपालिका र कृषककोसमेत गरी २४ लाख रूपैयाँभन्दा बढी लगानीको काम गर्न सफल भएका छौं, यसले सिंगो गाउँलाई किवीमय बनाउन सहयोग पुगेको छ,' कृषि अधिकृत ढुंगानाले भनिन्।

किवी पकेट क्षेत्र कार्यक्रममार्फत यस वर्ष २५० वटा नयाँ बोट रोपिएको छ। किवीका बोटलाई फैलाउनका लागि ७०२ वटा पोलसहित तार टाँगिएको छ भने सिँचाइका लागि सातवटा ड्रम वितरण गर्नुका साथै सिँचाइ पाइपसमेत वितरण गरिएको छ। किवीखेती विस्तारमा वडा कार्यालय, बेनी नगरपालिकाका साथै कृषि ज्ञान केन्द्रले सहयोग गर्दै आएका छन्। किवी पकेट क्षेत्र विस्तारले किसानमा किवीखेती विस्तारमा उत्साह छाएको वडा सदस्यसमेत रहेका किसान रत्न जिसीले बताए।

### वैदेशिक रोजगारको विकल्पमा किवीखेती

बेनी नगरपालिका-३ भकिम्लीका युवा खिमबहादुर आले मगरले परम्परागत कोदो, मकैखेती हुँदै आएको आठ रोपनीमा किवीखेती सुरु गरेका छन्। दुई वर्षदेखि किवीखेतीमा लागेका मगरले ११० वटा बोट किवी लगाइसकेका छन्। भकिम्लीको टिम्मरेडाँडामा रहेको बारीमा किवी लगाएका मगरले आयआर्जनका लागि वैदेशिक रोजगारीमा जानुभन्दा आफ्नै गाउँमा व्यावसायिक किवी खेतीलाई रोजेको बताए।

'पैसा कमाउन विदेश नै जानुपर्छ भन्ने मान्यतालाई त्यागेर कृषि कर्ममा लागेको हुँ, आफ्नै गाउँको माटोमा पसिना बगाएर स्वरोगजार बन्ने मेरो सपना छ, अझै दुई रोपनी बारीमा किवी विस्तार गर्ने योजना बनाएको छु,' उनले भने। मगरले यस वर्षमात्रै बेनी नगरपालिकाको ५० प्रतिशत अनुदान सहयोगमा २०० दुईवटा पोल निर्माण गरेका छन्। किवीखेतीको विस्तार र बगैंचा व्यवस्थापनमा यस वर्षमात्रै छ लाख रूपैयाँबराबरको काम गरेको उनले बताए।

भकिम्लीको मुसुङमा वैदेशिक रोजगारी त्यागेर किवीखेतीमा लागेका किसान लालबहादुर घर्तीले सात रोपनीमा किवी लगाएका छन्। 'रोजगारको सिलसिलामा करिब १० वर्ष ओमान र साउदीमा बिताएँ, त्यहाँ बस्दा पनि घर खर्च चलाउनबाहेक थप आर्थिक उन्नति गर्न सकिएन, त्यसपछि स्वदेश फर्किएर किवीखेतीमा लागेको हुँ,' घर्तीले भने। वि.सं. २०७५ मा वडा कार्यालयले किवीखेतीसम्बन्धी तालिम र अभिमुखीकरण सञ्चालन गरेपछि यहाँका धेरैजसो युवाहरू किवीको व्यावसायिक खेतीमा आबद्ध भएका छन्।

घर्तीको किवी फार्मबाट उत्पादनसमेत सुरु भइसकेको छ। गत वर्षमात्रै ८० हजार रूपैयाँको किवी बिक्री गरेका उनले १७ रोपनीमा किवीखेती विस्तार, बगैंचा स्थापना र व्यवस्थापनमा नगरपालिकाबाट पाएको सहयोगले आफूलाई उत्साहित बनाएको जानकारी दिए। पुनले ३०० वटा किवीका बिरुवा रोपेकोमा अहिले १७० वटा बोटले फल दिन सुरु गरिसकेको छ। गत वर्ष तीन लाख रूपैयाँको किवी बिक्री गरेका पुनले यस वर्ष बेनी नगरपालिकाको अनुदानमा ८४ वटा पोल र नयाँ बोटसमेत विस्तार गरेको जानकारी दिए।

### उचित बजार व्यवस्थापनको चुनौती

अनुकूल हावापानी र उचित खेतीयोग्य जमिनका कारण भकिम्लीमा किवीखेती विस्तार हुन थालेसँगै उचित बजार व्यवस्थापनको चुनौती देखिएको छ। गाउँमा उत्पादन नभएको किवी स्थानीय बजारमा खपत हुनसक्ने अवस्था नभएपछि बागलुङ, पोखरा, काठमाडौंलगायतका बजारमा पठाउन थालिएको छ।

कात्तिकदेखि पुससम्ममा किवीको बजारीकरण गरिन्छ। गत वर्ष यहाँका कृषकहरूले प्रतिकिलो १८० रूपैयाँमा किवी बिक्री गरेका थिए। सुरुआतका वर्षमा प्रतिकिलो २५० रूपैयाँसम्म मूल्य पाएका किसानले उत्पादन गरेको किवीको उत्पादन बढेसँगै उचित बजारको अभाव देखिन थालेको मुसुङका किसान लालबहादुर घर्तीले बताए।

किवी पकेट क्षेत्रका रूपमा विकास भइरहेको भकिम्लीमा बेनी नगरपालिकाले नयाँ बिरुवा विस्तार, पोल बनाउने र तार तान्ने तथा बगैंचा व्यवस्थापन र फलको गुणस्तर कायम गराउन अनुदान, तालिम र परामर्श सेवा उपलब्ध गराएको बेनी नगरपालिकाका उपमेयर ज्योति लामिछानेले बताए। उनका अनुसार भकिम्लीको सिममा किवी भण्डारणका लागि गण्डकी प्रदेश सरकार, बेनी नगरपालिका र स्थानीयको लागत साझेदारीमा चिस्यान घर बनाउन सुरु गरिएको छ। नगरपालिकाले किसानलाई किवीबाट जुस बनाउने तालिम प्रदान गर्ने जनाएको छ।

फलफूलको राजाको उपनामले परिचित किवी समुद्री सतहदेखि एक हजार ५०० मिटरको उचाइदेखि दुई हजार ५०० मिटरको उचाइसम्म खेती गरिन्छ। किवीको बोटमा तीन वर्षमा ५० देखि ७० किलोग्रामसम्म फल लाग्छ। अमिलो र गुलियो स्वाद पाइने किवीलाई खेती गर्न प्रतिआठ वटा पोथी बिरुवा बराबर एक वटा भाले बिरुवा लगाउनुपर्छ। लहरा भएर फैलिने किवी एक रोपनीमा १५ वटासम्म बिरुवा लगाउन सकिन्छ। *रासस*

# युट्युबबाट सिकेर काष्ठकलाको कर्ममा खटिएका भक्तबहादुर

■ **राजेन्द्रप्रसाद पनेरू**/कञ्चनपुर




शुक्लाफाँटा नगरपालिका-७ जुडाका ४० वर्षीय भक्तबहादुर महरा काष्ठकलाको कार्यमा पोख्त छन्। काष्ठकलाका सामग्री बनाउने कार्य उनले तालिम लिएर सिकेका भने होइनन्। मोबाइलमा युटचुबमा राखिएका भिडियो हेर्दै काष्ठकलासम्बन्धीका सामग्री निर्माण गर्ने सीप सिकेका हुन्। आठ कक्षामै पढ्दै गरेका बेला १७ वर्षको उमेरमै विद्यालय छाडेपछि काठको काममा उनी संलग्न थिए। गाउँकै काठका फर्निचर बनाउने व्यक्तिसँग मजदुरका काम थालेका उनले एक-दुई वर्षमै हाउस डेकोरेसनको कार्य सिके।

'हाउस डेकोरेसनको कार्यमा कहिले काम पाइन्थ्यो, कहिले पाइँदैनथ्यो,' उनले भने, 'गतिलो कमाइ नहुँदा त्यो कार्य छाडने निधो गरेँ, मोबाइलमा काष्ठकलासम्बन्धीका युटचुबमा भिडियो हेर्ने र नयाँ कुरा सिक्ने उत्सुकता थियो, युटचुब हेर्दै काष्ठकलासम्बन्धीका कार्य गर्न थालेँ।' कमाइ हुने हाउस डेकोरेसनको कार्य छाडेर मोबाइल हेरेर के पो गर्न थाल्यो भनेर घरकाले नै नानाथरि कुरा सुनाउन थाले। बुबाले नै बहुलाउन थालिस् कि क्या हो, बर्बाद हुने भयो भनेको कुरा उनी स्मरण गर्छन्।

आफन्तबाटै रकम सापटी लिएर काठ खरिद गरी काष्ठकलाका कार्यहरू उनले सिक्न थाले। युटचुबमा काष्ठकलाका कार्य गरेर गतिलो आम्दानी भएको उनले सुने/हेरेका थिए, त्यही हेरेर उनले सामग्री निर्माण गर्न सिकेका थिए। तर व्यवसायलाई अगाडि बढाउने आवश्यक पुँजी भने उनीसँग थिएन। आफन्तसँग लिएको सापटी रकम विजयसालको काठ खरिद गर्नमै सिद्धिएको थियो। व्यवसायलाई अगाडि बढाउन मेसिन खरिदसँगै आवश्यक औजार खरिद गर्ने पैसा थिएन। जहाँ इच्छा, त्यहाँ उपाय भनेझैं एक सहकारी संस्थाको सम्पर्कमा पुगे। महराले काष्ठकलाका सामग्री बनाउने सीप भएको तर पुँजी नभएको कुरा सहकारीका पदाधिकारीलाई सुनाए।

'युटचुब हेरेर बनाएका काठका सामग्री झोलामै बोकेको थिएँ,' उनले भने, 'बनाएका सामग्री सहकारीका पदाधिकारीलाई देखाउँदा सहकारीका पदाधिकारी निकै प्रभावित भए।' युवा स्वरोजगार कोषको दुई लाख ५० हजार रूपैँ पाँच प्रतिशत ब्याज तिर्नेगरी कर्जा उनले प्राप्त गरे। 'प्राप्त कर्जाको रकमबाट काष्ठकलाका सामग्री बनाउन औजार (आवश्यक टुल) र मेसिनको आवश्यकता थियो, त्यो खरिद गरेँ र बाँकी रकमबाट सामुदायिक वनबाट काठ खरिद गरेँ, त्यसपछि काष्ठकलाका सामग्री बनाउने र बेच्ने कार्यमा निरन्तर लाग्दै आएँ,' उनले भने।

महराले विशेषगरी विजयसालको काठ र बाँसबाट गिलास, जग, बोतल, अम्खोरा, कचौरा, फुलदानी, मसलादानी बनाउने गर्छन्। खर्च कटाएर महिनामा उनले ३० देखि ४५ हजार रूपैयाँको हाराहारीमा आम्दानी गर्छन्। काष्ठकलाकै कार्यबाट दुईजना दम्पती, दुई छोराछोरी र आमाबुबा गरी छ जनाको परिवारको खर्च चल्दै आएको छ। कर्जा लिएको रकममध्येको ६० हजार रूपैयाँ किस्ताको रकम उनले तिरिसकेका छन्। प्रत्येक महिनाको किस्ता समयमै बुझाउने भएकाले सहकारीको उनीप्रति विश्वास रहेको छ। सहकारीमै महराले ३० हजार रूपैयाँजतिको रकम बचत गरेका छन्। उत्पादन गरिएका काष्ठ र बाँसका सामग्री कम्तीमा ५०० रूपैयाँ र बढीमा दुई हजार रूपैयाँसम्ममा बिक्री हुने गरेका छन्।

> काष्ठकलाका कामले नै समाजमा पहिचान बनाएकाले पहिलेको जस्तो उत्पादित सामग्री खोज्दै हिंड्नुपर्ने अवस्था नरहेको भक्तबहादुर सुनाउँछन् । घरमै पुगेर व्यापारीहरूले सामग्रीको माग गर्छन् सोहीअनुसार उनले सामान तयार गरी दिन्छन् । व्यापारीले हाताहाती रकम दिने भएकाले बेच्ने झण्झट छैन । भविष्यमा यसलाई ठूलो उद्योगका रूपमा विस्तार गर्ने उनको सोच छ ।

पहिले उनले उत्पादन गरेका सामग्री काठमाडौं, बुटवल, नेपालगञ्जसम्म पुऱ्याएर बेच्ने गर्थे। व्यापारीहरूले सामान लग्ने तर भुक्तानी समयमै नदिने हुँदा अहिले महेन्द्रनगर, धनगढी, झलारीलगायत बजारमा उनले बेच्दै आएका छन्। ग्राहकका मागअनुसार सामग्री बनाउने भएकाले माग निकै बढी हुँदा काम गर्न भ्याइनभ्याइ भएको उनी सुनाउँछन्। एक सामग्री उत्पादन गर्दा ३० प्रतिशत लागत खर्च लाग्ने गरेको छ भने ७० प्रतिशतसम्म नाफा हुन्छ।

काम सिक्दै गर्दा कुरा सुनाउने उनका घरकै सदस्य र आफन्त अहिले काम गरेको देखेर छक्क पर्छन्। महराकी श्रीमती स्थानीय निजी विद्यालयमा शिक्षिकाका रूपमा कार्यरत छिन्। विद्यालय समयअघि र पछि उनी पनि काठका सामग्रीमा रङरोगन गर्ने, पोलिस गरी चम्काउने कार्यमा साथ दिन्छिन्।

काष्ठकलाका कामले नै समाजमा पहिचान बनाएकाले पहिलेको जस्तो उत्पादित सामग्री खोज्दै हिंड्नुपर्ने अवस्था नरहेको भक्तबहादुर सुनाउँछन्। घरमै पुगेर व्यापारीहरूले सामग्रीको माग गर्छन् सोहीअनुसार उनले सामान तयार गरी दिन्छन्। व्यापारीले हाताहाती रकम दिने भएकाले बेच्ने झण्झट छैन। भविष्यमा यसलाई ठूलो उद्योगका रूपमा विस्तार गर्ने उनको सोच छ। त्यसका लागि अहिलेदेखि नै रकम बचत गर्न थालेको उनी बताउँछन्। 'सँगैका साथी युरोप र कोरियातर्फ गए, स्वदेशमा बसेर गतिलो कमाइ नै नहुने भएकाले जानका लागि निकै कर गरेका थिए,' उनले भने, 'स्वदेशमै कार्य गरी सफल हुने मनै भित्रदेखिको इच्छा थियो, त्यसलाई पूरा गर्न लाागिपरेँ, गतिलो कमाइ छ, सबैले चिन्छन्, समाजमा बेग्लै पहिचान बनेको छ, विदेशमा गएका साथीहरूले पनि अहिले व्यवसायले गति लिन थालेको देखेर साझेदारका रूपमा राख्न कर गर्न थालेका छन्।'

स्वदेशमा नै लगनशील भएर काम गरे सफलता प्राप्त हुने भएकाले युवाहरूलाई विदेशको मुख ताक्नुभन्दा स्वदेशमै सीप सिकेर व्यवसाय सञ्चालन गर्न उनी सुझाव दिन्छन्। विद्यालय शिक्षामा व्यावसायिक हस्तकालाका सीपमा आधारित कार्यहरूलाई समावेश गरिनुपर्ने उनको भनाइ छ। सहकारीका कार्यकारी प्रमुख गणेशदत्त भट्ट र भक्तबहादुर पौरखी व्यवसायी भएकाले उनको कार्यप्रतिको लगाव देख्दा निकै प्रभावित भएको बताउँछन्। *रासस*



**काठेपुलले कठिनाइ** | हुम्लाको सर्केगाड गाउँपालिका केन्द्रको बीच बजारको नदीको खोलामा रहेको काठेपुल भरपर्दो नहुँदा सवारीसाधन आवतजावतमा कठिनाइ । काठको पुल निर्माणका लागि गाउँपालिकाले अहिलेसम्म कुनै चासो देखाएको छैन । *तस्बिरः दाने बोहरा/रासस*

# स्थानीय र आगन्तुक चराको गन्तव्य 'कान्ति ताल'

■ कमलकुमार बस्नेत



**नेपालगञ्ज (बाँके)**– कान्ति ताल कुनै समय स्थानीयका सिँचाइको स्रोत थियो । नेपालगञ्जको सहरबीचमा रहेको मानवनिर्मित यो सुन्दर ताल अहिले स्थानीय चराका लागि बासस्थान तथा प्रजननको थलो र विदेशी चराका लागि गन्तव्य बनेको छ । कमललगायतका फूलले भरिएको कान्ति ताल विभिन्न चराका लागि आहार र विहारका लागि लामो समयदेखिको आश्रयस्थल हो ।

जानकारहरू जैविक विविधताका दृष्टिले महत्त्वपूर्ण कान्ति ताल चरा अध्ययनका लागि पनि प्रसिद्ध भएको बताउँछन् । विज्ञहरू यो ताललाई 'बर्ड पार्क' र 'बर्च वाचिङ'का रूपमा विकास गर्न सकिने बताउँछन् । तर यही तालमा केही समयअघि मोटरबोट चलाउने प्रयास भएपछि स्थानीय, अधिकारकर्मीलगायतको विरोध पनि भयो । विरोधपछि डुंगा चलाउने योजना अलपत्र पऱ्यो । अहिले तालको एक छेउमा एउटा काठको डुंगा अलपत्र छ । न डुंगा चढ्न आउनेहरू छन्, न त चलाउने मानिस नै देखिन्छन् ।

जैविक विविधता र पारिस्थितिक प्रणालीलाई सन्तुलनमा राख्दै पर्यावरण जोगाउनमा कान्ति तालको भूमिका महत्त्वपूर्ण भएको जानकार बताउँछन् । विशेषगरी सारसका लागि यो क्षेत्र महत्त्वपूर्ण छ । सारसको बासस्थान बाँकेस्थित राप्ती नदीको तटीय क्षेत्र, कान्ति ताल र मानखोल हो । त्यसमध्ये पनि कान्ति ताल सबैभन्दा राम्रो बासस्थान भएको विज्ञको भनाइ छ ।

नेपालगञ्ज उपमहानगरको वडा नं. २२ र २३ मा २५ बिघामा फैलिएको कान्ति ताल परम्परागत चराका लागिमात्रै नभई विभिन्न देशबाट बर्सेनि आउने विदेशी चराको पनि महत्त्वपूर्ण बासमा पर्छ । तालमा वर्षभरि नै दुर्लभ चराचुरुंगी बसोबास गर्नुका साथै जाडो तथा गर्मी छल्न विभिन्न देशबाट बर्सेनि चराहरू आउने गरेका छन् ।

फ्रेण्डस् फर वाइल्ड वाइल्ड लाइफ कन्जरभेसनका अध्यक्ष आशिष चौधरीका अनुसार नेपालगञ्ज आसपासमा यहाँजस्तो सिमसार अन्य ठाउँमा छैन । 'यहाँ प्रकृतिप्रेमीका लागिमात्र नभई जनावर र चराका लागि पनि उपयुक्त वातावरण छ, लामो समयदेखि यसलाई जोगाउन सकेकै कारण विभिन्न देशबाट यहाँ बर्सेनि चरा आइरहेका छन्,' उनले भने ।

दुर्लभ चराको बासस्थान रहेको कान्ति ताल क्षेत्रमा पर्यटकीय गतिविधि बढाउनका लागि मोटरबोट सञ्चालनको प्रक्रिया सुरु भएपछि संरक्षणविद्ले चासो व्यक्त गर्दै उपमहानगरमै उक्त कार्य रोक्नका लागि निवेदन दिएका थिए । उनीहरूले तालमा मोटरबोट सञ्चालन गर्नुको साटो चरापार्क निर्माण गरी आम्दानी गर्न सकिने सुझाव पनि दिएपछि अहिले त्यसतर्फ चासो बढाइएको उनको भनाइ छ ।

मोटरबोट सञ्चालन भएमा पर्यावरणमा क्षति पुग्नुका साथै चराचुरुंगी यहाँबाट लोप हुने भएकाले उनीहरूको संरक्षणका लागि भए पनि मोटरबोट सञ्चालन गर्न नहुने उनीहरूको सुझाव छ । 'तालमा मोटरबोट सञ्चालनका लागि लामो प्रयास भयो, तर बोट चढ्ने मानिस पनि भएनन्, त्यसपछि प्रयास भएको छैन, यो ताललाई अहिले प्राकृतिकरूपमै संरक्षण गर्नुपर्ने आवाज उठिरहेको छ,' चौधरीले भने । चौधरी तालमा काठको डुंगा चलाउन समस्या नभए पनि मोटरबोट चलाउँदा त्यहाँको पारिस्थितिक प्रणालीमा नै असर पुग्ने बताउँछन् ।

'पोखराको फेवातालमा पनि मोटरबोट चलाइएको छैन, काठको डुंगा नै चलाइएको छ भने नेपालगञ्जको सानो तालमा मोटरबोट नै चलाउन जरुरी छैन, मोटरबोट चलाउँदा जीवाश्मा इन्धनका कारण जीव र पन्छीमा समस्या हुन्छ,' उनले थपे ।

चौधरीका अनुसार पछिल्लो समय सिमसारलगायतका क्षेत्र अतिक्रमणमा पर्दा धेरै प्रजातिका चराहरू संकटमा पर्दै गएका छन् । उनले भने, 'नेपाल सरकारले संरक्षित सूचीमा राखेका नौ वटामध्ये छवटा तराईमा पाइन्छन्, जसमध्ये बर्दियामा दुईवटा र बाँकेमा पाँचवटा प्रजातिका चरा भेटिन्छन्, कान्ति ताल पनि मासिने हो भने ती प्रजातिका चराको अस्तित्व नै संकटमा पर्ने खतरा छ ।'

पन्छी संरक्षण समाज र नेपाल चराविज्ञ संघले केही समयअघि गरेको डेढ घण्टा अवलोकनका क्रममा कान्ति तालमा ३२ प्रकारका परम्परागत चरा र केही आगन्तुक चरा भेटिएका थिए । नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले ताललाई सिमसार क्षेत्रका रूपमा लिइएको बताउँछन् । 'धेरैले यसलााई सिमसार भन्छन्, सिमसारजस्तो नदेखिए पनि स्थानीय र विदेशबाट आउने चराका लागि यो महत्त्वपूर्ण बासस्थान हो,' उनले भने ।

प्रमुख विष्टका अनुसार कान्ति तालमा लामो समयदेखि माछापालन हुने गरेको थियो । आफूले सानैदेखि माछापालन गरेको देखेको उल्लेख गर्दै उनले भने, 'लामो समयदेखि कान्ति तालमा माछापालन हुने गरेको थियो, यसलाई पर्यटकीय गन्तव्य बनाउन अघिल्लो सरकारले काम गरेको हो, यद्यपि यो प्रक्रिया अहिले अगाडि बढेको छैन ।'

कान्ति तालमा जाडोमा यहाँ १५३ र गर्मीयाममा ६२ प्रजातिका चरा देख्न पाइन्छ । तालमा अफ्रिकाबाट जुरे कोइलीदेखि इण्डोनेसिया, उत्तरी चीन, थाइल्याण्ड, साइबेरिया, मलेसियालगायतका देशबाट पनि चरा आउने गरेका छन् । सरकारले संरक्षित सूचीमा सारसका तीन प्रजाति पनि यही तालमा पाइने उनले बताए ।

तालको जैविक विविधता जोगाएर भावी पुस्ता लागि चरालाई जोगाएर राख्नु स्थानीय तहको जिम्मेवारी भएको उनको भनाइ छ । प्राकृतिक सिमसार भएको जैविक विविधता जोगाएर राख्नुपर्नेमा मास्ने काम हुन लागेपछि आफूलाई चिन्ता लागेको संरक्षणकर्मी चौधरीको भनाइ छ । उनले मोटरबोटको विकल्पमा बायोडाइभर्सिटी पार्क, बोटानिकल गार्डेन वा चरा पार्कका रूपमा ताललाई विकास गरी टिकटमार्फत आम्दानी गर्ने बाटोसमेत भएको बताउँछन् ।

'तालको संरक्षण चराका लागिमात्र होइन, हाम्रै लागि र भावी पुस्ताका लागि पनि आवश्यक छ,' उनले भने, 'नेपालगञ्ज मानसरोवर जाने भारतीय यात्रुका लागि ट्राञ्जिट प्वाइन्ट पनि हो ।' *रासस*

# दार्चुला खलंगाको खानेपानीमा इकोली जीवाणु

**दार्चुला**– दार्चुला सदरमुकाम खलंगामा वितरण गरिएको खानेपानीमा मानव स्वास्थ्यका लागि घातक हुने इकोली जीवाणु पाइएको छ । स्वास्थ्य कार्यालय दार्चुलाले गरेको परीक्षणमा पाँच स्थानबाट संकलन गरिएको नमूनामध्ये चार स्थानको पानीमा इकोली जीवाणु फेला परेको हो ।

स्वास्थ्य कार्यालय दार्चुलाका प्रमुख वीरेन्द्रप्रसाद भट्टका अनुसार दूषित पानीकै कारण पानीमा इकोली देखिएको पुष्टि भएको छ । पछिल्लो दुई सातादेखि धमिलो पानी आउने गुनासो बढेपछि मुहान अनुगमन र पानी परीक्षण गरिएको थियो ।

इकोली जीवाणु मानव वा जनावरको मलजन्य दूषित पानीमा पाइने गरेको भट्टको भनाइ छ । खलंगामा वितरण भइरहेको पानी महाकाली नगरपालिका-३ स्थित गारकुखोलाबाट ल्याइएको हो । एक महिनाअगाडि सोही खोलामा मरेको कुकुरको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएको थियो । त्यही खोलाको पानी सीधै डुंगरीस्थित टयांकीमा हालेर धारामा पठाइएको थियो । तर टयांकीमासमेत क्लोरिन नराखिँदा पानी धमिलो र दूषित देखिएको हो ।

पानीको मूल स्रोत, प्रशोधन युनिट र उपभोक्ताको धारासम्मको पानीमा इकोली पाइएको स्वास्थ्य कार्यालय प्रमुख भट्टको भनाइ छ । पानी प्रयोग गर्दा उपभोक्ता सचेत हुनु आवश्यक रहेको उनले बताए । पानीमा क्लोरिनको मात्रासमेत राष्ट्रिय खानेपानी गुणस्तर निगरानी निर्देशिका, २०७० र प्रथम संशोधन, २०७६ को मापदण्डअनुसार नभएको भन्दै नियमितरूपमा क्लोरिन मिसाएरमात्रै पानी वितरण गर्न खलंगा सहरी खानेपानी आयोजनालाई सुझाव दिइएको छ ।

> पानीको मूल स्रोत, प्रशोधन युनिट र उपभोक्ताको धारासम्मको पानीमा इकोली पाइएको स्वास्थ्य कार्यालय प्रमुख भट्टको भनाइ छ । पानी प्रयोग गर्दा उपभोक्ता सचेत हुनु आवश्यक रहेको उनले बताए । पानीमा क्लोरिनको मात्रासमेत राष्ट्रिय खानेपानी गुणस्तर निगरानी निर्देशिका, २०७० र प्रथम संशोधन, २०७६ को मापदण्डअनुसार नभएको भन्दै नियमितरूपमा क्लोरिन मिसाएरमात्रै पानी वितरण गर्न खलंगा सहरी खानेपानी आयोजनालाई सुझाव दिइएको छ ।

प्रतिवेदनमा स्वास्थ्य कार्यालयले पानीको मुहान क्षेत्र वरिपरिको सरसफाइ, छेकबार, रेखदेख र वितरण पाइपहरूबाट अन्य दूषित पानी मिसिन नदिन नियमित अनुगमन र निगरानी गर्नुपर्ने सुझाव दिएको प्रमुख जिल्ला अधिकारी अनिल पौडेलले बताए । स्वास्थ्य कार्यालयको प्रतिवेदनअनुसार महाकाली नगरपालिकामार्फत खलंगा सहरी खानेपानी आयोजनालाई पानीको गुणस्तर सुधार र सरसफाइमा ध्यान दिन भनिएको उनको भनाइ छ । साथै सरसफाइ सन्देश, उपभोक्तालाई कम्तीमा असार, साउन र भदौको महिनासम्म खानेपानी शुद्धीकरण तथा उमालेर खाने बानीको विकास गर्न सञ्चारमाध्यममार्फत सूचना सन्देश प्रसारण गर्न भनिएको छ ।

## गुणस्तर परीक्षण

यही असार १५ गते प्रमुख जिल्ला अधिकारी अनिल पौडेलले बैठक डाकेर खानेपानीमा देखिएको समस्या समाधान गर्न स्थलगत अनगुमन गर्ने तथा पानीको 'स्याम्पलिङ' गर्न निर्देशन दिएका थिए । यही असार १६ र १७ गते खानेपानी कार्यालय, उपभोक्ता समिति र स्वास्थ्य कार्यालयको टोलीले संयुक्तरूपमा स्थलगत निरीक्षण गर्दै पानीको नमूना संकलन गरेको थियो । परीक्षणमा राष्ट्रिय खानेपानी गुणस्तर निगरानी निर्देशिका, २०७० (प्रथम संशोधन २०७६) अनुसार पानीको गुणस्तर नपुगेको उल्लेख गरिएको छ ।

खलंगाको महाकाली नगरपालिका-४ र ५ का करिब दुई हजार २०० घरधुरीमा गडाकु खोलाबाट ल्याइएको पानी वितरण भइरहेको छ । दूषित पानीका कारण स्वास्थ्यमा गम्भीर असर परेको भन्दै समाधान गर्न आग्रह गरिएको नागरिक समाज दार्चुलाका अध्यक्ष महेशराज भट्टले बताए । हामीहरूको निरन्तर खबरदारीको कारण पानीको गुणस्तर परीक्षण र मुहान क्षेत्रको अनुगमन भयो । यसले खलंगामा वितरण गरिएको पानी राम्रो नभएको पाएपछि अहिले सुधार भइरहेको छ ।

दार्चुलामा आव २०७७/७८ देखि सुरु गरिएको खलंगा सहरी खानेपानी तथा सरसफाइ आयोजनाको लागत २९ करोड रूपैयाँ रहेको छ । निर्माणको जिम्मा ग्वालेक निर्माण सेवाले लिएको भए पनि सम्झौताअनुसार डेढ वर्षमा नै सकिनुपर्ने आयोजनाको काम सकिएको छैन । खलंगा सहरी खानेपानी आयोजनालाई निर्माण गरेर हस्तान्तरण गर्नुपर्नेमा अहिले निर्माण व्यवसायी नै सम्पर्कमा नरहेको खानेपानी उपभोक्ता समितिका सचिव खडकसिंह धामीले बताए । 'गत वर्ष हामीले निर्माण गर्न बाँकी काम १५ बुँदामा लेखेर पठाएको थियौ,' उनले भने, 'तर निर्माण व्यवसायी नै सम्पर्कमा आएका छैनन् । खानेपानी आयोजनाको महत्त्वपूर्ण कामहरू सम्पन्न भएको भए पनि सानातिना कामहरू बाँकी थिए ।'

यसैगरी, निर्माण कम्पनीले प्रयोग गरेको झण्डै ४०० मिटर परिवर्तन गर्न सुझाव समितिले दिएको थियो । आयोजनाको पाइपहरूमा 'सपोर्ट' राख्नुपर्ने, लाइन खुला राख्न नहुने सुझाव कार्यान्वयन नगर्दा अहिलेसम्म हस्तान्तरण प्रक्रिया हुन नसकेको धामीको भनाइ छ ।

एसियाली विकास बैंकको ७० प्रतिशत अनुदान, नगर विकास कोषको २५ प्रतिशत ऋण तथा बाँकी उपभोक्ताबाट उठाइएको रकमबाट आयोजना सञ्चालन गरिएको हो । आयोजनाअन्तर्गत डुडरीमा राखिएको फिल्टर प्रणालीलेसमेत प्रभावकारीरूपमा काम नगरेको गुनासो आएको छ । पानीमा कुकुर फालिएको भिडियो सार्वजनिक भएपछि स्थानीयवासी खलंगा नजिकैका मुहान पुगेर पानी ल्याउन बाध्य भएका छन् । बर्खायाम सुरु भएसँगै मुहानमा थप प्रदूषण हुन सक्ने भन्दै स्वास्थ्यकर्मीहरूले पानी उमालेर वा फिल्टर गरेरमात्रै पिउन आग्रह गरेका छन् । *रासस*


**युएइमा रोजगार** कम्पनी : ADNAN MANZOOR TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/03/१९ | LT. No. 326686 | चलानी नं. ६०२४०६३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 6 | 0 | 1000 | ३७,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician Assistant | 3 | 0 | 1200 | ४४,६७० | | | | | | | |
| 3 | Plumber Assistant | 3 | 0 | 1200 | ४४,६७० | | | | | | | |
| 4 | Stone Mason | 3 | 0 | 1200 | ४४,६७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २८ गते (12th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४

Nasser Outsourcing Consultants Pvt. Ltd.
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org

**साउदीमा रोजगार** कम्पनी : BAHR AL RIMAL COMPANY LIMITED IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८२/03/१९ | LT. No. 326620 | चलानी नं. ६०२४०६३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver. | 2 | 0 | 2500 | ९१,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २८ गते (12th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROVE INTERNATIONAL PVT.LTD.
Ratopool, Opposite to MR Complex, Kathmandu, Nepal
T: +977-01-4486922 | E:- rove35@yahoo.com I w:-www.roveintl.com
Govt.Lic. No 1033/071/072

**ओमनमा रोजगार** कम्पनी : FLYING BUTTERFLY

पूर्व स्वीकृति मिति : २०८२/03/१९ | LT. No. 326654 | चलानी नं. ६०२४०६३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Flower Designer | 0 | 1 | 170 | ६०,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Stylist -Female | 0 | 1 | 170 | ६०,३८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २८ गते (12th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९७५/०६७/०६८

OCTOPUS RECRUITMENT PVT.LTD
Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com

**साउदीमा रोजगार** कम्पनी : AL MAWARID RECRUITMENT COMPANY.

पूर्व स्वीकृति मिति : २०८२/03/१९ | LT. No. 326728 | चलानी नं. ६०२४०६५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Vehicle Driver | 30 | 0 | 1800 | ६५,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २८ गते (12th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1078/073/74

SKY STAR RECRUITMENT PVT LTD
Sukedhara- 4, Kathmandu, Nepal, T: 01-5902344 / 5902346
Email:- sky.starlabourdept@gmail.com, Web: www.skystarrecruitment.com

**युएइमा रोजगार** कम्पनी : POWER RECRUITMENT LLCA

पूर्व स्वीकृति मिति : २०८१/09/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/२० | LT. No. 316070 | चलानी नं. ६०२३०४९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 100 | 0 | 800 | २९,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २८ गते (12th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**युएइमा रोजगार** कम्पनी : EMFAM SUPER CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१२/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/२० | LT. No. 321133 | चलानी नं.६०२३५१८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 18 | 4 | 1000 | ३७,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hotel Cleaner | 15 | 5 | 1000 | ३७,१६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २८ गते (12th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

प्रभाव दैनिक

शनिबार, २१ असार, २०८२ (Saturday, July 05, 2025)

## रूपशाला

### 'कुम्भ' दुई भाषामै मंसिरमा प्रदर्शन हुने

फिल्म 'कुम्भ' मङ्सिर १२ गतेबाट प्रदर्शन हुने भएको छ । निर्माण युनिटले वितरकसँगको छलफलबाट यो मिति तय गरेको हो । फिल्म रन्धिर श्रेष्ठले लेखन तथा निर्देशन गरेका हुन् । ए रस प्रोडक्सन ध्रुव एस्ट्रो वास्तु स्टुडियोको ब्यानरमा निर्माण भएको फिल्म नेपाली र हिन्दी गरेर दुई भाषामा रिलिज हुनेछ। फिल्ममा दक्षिण भारतीय कलाकार सुरेन्द्र ठाकुरको पनि अभिनय छ। एक्सन विधामा निर्माण भएको 'कुम्भ' मा अशोक आर्यन, सुनिल थापा र सुशील पोखरेल, अ□सना थापा, रोहित रूम्बा र सृष्टि खड्काको मुख्य भूमिका छ ।



# चलचित्र विकास बोर्डका ३३ सेवा अनलाइनबाट लिन सकिने

■ प्रभाव संवाददाता




**काठमाडौं** – चलचित्र विकास बोर्डले आफ्ना ३३ प्रकारका सेवा अनलाइन माध्यमबाट प्रदान गरेको छ । बोर्ड स्थापना भएको २५ वर्ष पूरा भएको उपलक्ष्यमा घोषणा गरिए अनुसार चलचित्र दर्ता, जाँच सिफारिस, घर इजाजत, चलचित्र महोत्सव आयोजना स्वीकृतिलगायतका ३३ प्रकारका सेवाका लागि अब कार्यालय जान नपर्ने भएको छ ।

यसका साथै बोर्डले 'बक्सअफिस २ सिनेपा' नामक 'एप' सञ्चालनमा ल्याएको छ । यस किसिमको नयाँ व्यवस्थासँगै कार्यालय धाउनुपर्ने अवस्था अन्त्य भएको र चलचित्रको व्यापारलाई पारदर्शी बनाएको अध्यक्ष दिनेश डिसीले बताए । 'हामीले नेपालभर रहेका एक सय ६६ चलचित्र भवनलाई बक्सअफिस एपमा जोडेका छौं । यसले व्यापारलाई पारदर्शी बनाउँछ र निर्माता, वितरक एवं प्रदर्शकबीचको सम्बन्धलाई आगामी दिनमा अझै हार्दिकता र मित्रवत् बनाउँछ । अब चलचित्र भवनमा टिकट बिक्री हुने वित्तिकै त्यो जानकारी निर्माताले पाउनेछन् । यसका साथै अनलाइन सेवाका कारण बोर्डमा धाउनुपर्ने बाध्यता अन्त्य भएको छ । सामान्य सेवाहरू अनलाइन कै माध्यमले लिन सक्नुहुनेछ', अध्यक्ष डिसीले भने ।

पदभार ग्रहण गरेदेखि नै योजनावद्ध रूपमा सुरू गरिएको काम लगभग अन्त्यतिर पुगेको उल्लेख गर्दै उहाँले सूचना र प्रविधिको विकास एवं विस्तारसँगै चलचित्र क्षेत्रमा देखिएका समस्या समाधानका लागि योजनाबद्ध ढङ्गबाट समयसापेक्ष रूपमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

बोर्डले आगामी आर्थिक वर्षदेखि क्षमता अभिवृद्धि, सिपमूलक कार्यमा चलचित्रसँग जोडिएका संघ संस्थासँग सहकार्य गरेर काम गर्ने योजना रहेको पनि अध्यक्ष डिसीले बताए ।

# 'यो मन त मेरो नेपाली हो'को शीर्ष गीत सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं** – यही असार २७ गतेबाट प्रदर्शनमा आउने चलचित्र 'यो मन त मेरो नेपाली हो'को शीर्ष गीत सार्वजनिक गरिएको छ । गीत शुक्रबार सार्वजनिक गरिएको हो ।

देशभक्ति भावनाको कथावस्तु समेटिएको गीतमा चलचित्रका मुख्य कलाकार विजय बराल, रोशन श्रेष्ठ, विल्सनविक्रम राई,आयुशा समाल, बुद्धि तामाङ, मित्र प्रधान लगायतको अभिनय छ । जरसिंह पौवास्थित साँगा चोकमा खिचिएको गीतमा विकास चौधरीको संगीत, शंकर अधिकारी घायलको शब्द र कमल रसाइलीको स्वर छ ।गीतले चलचित्रको कथावस्तु दर्साउँछ । कविराज गहतराजको नृत्य रहेको गीतमा २०० जति राष्ट्रिय झण्डाको प्रयोग गरिएको छ ।

पद्यमा इश्वर इन्टरटेन्मेन्ट प्रालिको प्रस्तुतिमा मित्र प्रधान प्रस्तुतकर्ता रहेको चलचित्र 'यो मन त मेरो नेपाली हो' लाई ज्ञान बहादुर प्रधान (रोशन) ले निर्माण गरेका हुन् ।

चलचित्रमा नारायण खाती,भुपेन्द्र लिङ्देन "मन्त्री",सुबास भन्डारी,बिजय सुब्बा,बिजिता परियार , देवराज राजबन्शी,भानुभक्त सिटौला लगायतको पनि अभिनय देख्न सकिन्छ ।

मित्र प्रधान (नर) को निर्देशन रहेको यस चलचित्रमा शिवम् अधिकारीको लेखन रहेको छ । सौरभ लामाको छायांकन ,देव महर्जन द्वन्द्व ,समिर मियाको भिएफएक्स ,कविराज गहतराज र प्रमोद भण्डारीको कोरियोग्राफी , रहेको चलचित्रकोसम्पादक बनिश शाह तथा सिजिआई सत्यम रानाले गरेका हुन् ।

दिपक शर्मा, विकास चौधरी र थोरम्पो ह्यङ राईको चलचित्रमा संगीत छ । चलचित्रलाई आर आर फिल्मसले वितरण गर्दैछ ।

# 'नेसनल म्युजिक अवार्ड' कार्यक्रम हुँदै

■ प्रभाव संवाददाता



**काठमाडौं**– आगामी असार २८ गते आम दर्शकलाई समेट्दै प्रतिष्ठित 'नेशनल म्युजिक अवार्ड'को आयोजना हुने भएको छ । रेडियो कान्तिपुरले आयोजना गर्ने उक्त अवार्डमा १४ विधा र लाइफ टाइम अचिभमेन्ट अवार्डसहित कन्सर्ट पनि समावेश गरिने आयोजकले शुक्रबार एक कार्यक्रमका बिच जानकारी दियो । कन्सर्टमा कुमा सागरदेखि दुर्गेश थापासहित १० चर्चित युवा कलाकारको प्रस्तुति रहनेछ ।

३ हजार दर्शक क्षमता रहेको गोदावरी सनराइज सम्मेलन केन्द्रमा कुमा र दुर्गेशसँगै सुशान्त घिमिरे, स्वप्न सुमन, अस्मिता अधिकारी, वाङ्देन शेर्पा, एलिना चौहान, पशुपति शर्माले साङ्गीतिक प्रस्तुति दिँदा सुन्दर खनाल र सुजिता श्रेष्ठले हास्य प्रस्तुति दिनेछन् ।

कान्तिपुर टेलिभिजनका सिइओ सुरजसिंह ठकुरीले 'नेशनल म्युजिक अवार्ड'ले आफ्नो स्तर बढाउँदै यो पटक स्तरोन्नति गर्दै कन्सर्टसँगै अवार्ड वितरण गर्न लागेको जानकारी गराए । 'यो वर्षौंदेखि हुँदै आएको कार्यक्रम हो । पुराना व्यक्तित्वको योगदान सम्झँदै उहाँहरूलाई दोसल्ला ओढाउँदै सम्मान दिँदै आएका हौँ । पहिला हामी पाँचतारे होटलमा कार्यक्रम गर्दै, टेलिभिजनमार्फत दर्शकबिच पुग्दै आएका थियौं । तर, यो पटक दर्शक सँगसँगै बसेर हामी कार्यक्रम गर्देछौं,'ठकुरीले भने ।

## रंगशाला

**एएफसी महिला एसियन कप**

# जित्नैपर्ने दबाबमा नेपाल

## घरेलु टोली उज्वेकिस्तानसँग भिड्दै



■ प्रभाव संवाददाता

**काठमाडौं**– आज नेपाली महिला फुटबल टिमका लागि महत्वपूर्ण दिन रहेको छ । उज्वेकिस्तानमा जारी एएफसी महिला एसियन कप छनोटबाट एक टिमले अर्को वर्ष अस्ट्रेलियामा हुने एएफसी महिला एसियन कपका लागि छनोट हुनेछ ।

शनिबार नेपालले शनिबार घरेलु टोलीसँग उज्वेकिस्तानसँग मिलि स्टेडियममा नेपाली समयअनुसार राति सवा ९ बजेबाट सुरु हुनेछ ।

समूह 'एफ' अन्तर्गतको अन्तिम खेल दुवै टोलीका लागि 'डु अर डाइ' को अवस्था छ । यो खेलमा जसले जित निकाल्छ । उही टोली अर्को वर्ष अष्ट्रेलियामा हुने एएफसी महिला एसियन कप फुटबलका लागि छनोट हुनेछ । पराजित हुने टोली घर फर्किनेछ ।

अघिल्ला दुवै खेलमा शानदार जित निकालेका दुवै टोलीका लागि यो खेल फाइनलसरह हुनेछ । नेपालले पहिलो खेलमा लाओसलाई ९-० र दोस्रो खेलमा श्रीलंकालाई ८-० ले पराजित गरेको थियो ।

उज्वेकिस्तानले पहिलो खेलमा श्रीलंकालाई १०-० र दोस्रो खेलमा लाओसलाई ७-० ले पराजित गरेको थियो । नेपाल र उज्वेकिस्तानबिच अंक र गोल पनि बराबरी भएकाले निर्धारित समयमा बराबरी भएको खण्डमा खेल टाइब्रेकरमा जानेछ ।

उज्वेकिस्तान तुलनात्मक रूपमा नेपालभन्दा बलियो टोली हो । फिफा वरियतामा पनि उज्वेकिस्तान नेपालभन्दा ४९ स्थान माथि छ । यसअघिका दुवै खेलमा नेपालले सहज जित दर्ता गरेको थियो ।

नेपालीकी नयाँ कप्तान सावित्रा भण्डारी 'साम्बा' फर्ममा छिन् । उनले दुई खेलमा ८ गोल गरिसकेकी छन् । उनका रोक्न उज्वेकिस्तानले रणनीति बनाउन सक्छ । त्यस्तो अवस्थामा रश्मीकुमारी घिसिङ र रेखा पौडेल जस्ता खेलाडीको प्रदर्शन चम्किनु आवश्यक छ ।

नेपाली टिममा रेनुका नगरकोटी, गीता राना जस्ता अनुभवी खेलाडी पनि टोलीमा छन् । नेपाल उज्वेकिस्तानमा जित निकाल्ने लक्ष्यसहित मैदानमा उत्रिनेछ । हालसम्म नेपाल र उज्वेकिस्तानबीच ३ पटक भेट भएको छ । नेपालले कुनै पनि खेलमा जित निकाल्न सकेको छैन । सन् १९९९ मा पहिलोपटक भेट भएको थियो । फिलिपिन्समा भएको एसियन कपको समूह चरणमा नेपाल उज्बेकिस्तानसँग ६-१ ले पराजित भएको थियो ।

दोस्रो भेट सन् २०१९ को नादेज्दा कपमा भएको थियो । किर्गिस्तानमा भएको उक्त कपमा नेपाल २-० ले पराजित हुन पुग्यो । तेस्रो भेट सोही कपको फाइनलमा भएको थियो । त्यसमा पनि नेपाल उज्वेकिस्तानसँग ३-२ ले पराजित भएको थियो ।

# खेलकुदको विकासका लागि प्याब्सन र खेलकुद महासंघबीच सम्झौता



■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाल स्कुल खेलकुद महासंघ र निजी तथा आवासीय विद्यालय संगठन नेपालबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

काठमाडौंमा एक कार्यक्रमबीच महासंघ र प्याब्सनबीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो । सम्झौतापत्रमा महासंघका अध्यक्ष विनोद श्रेष्ठ, प्याब्सनका अध्यक्ष कृष्णप्रसाद अधिकारी र अन्ताराष्ट्रिय स्कुल खेल महासंघका प्रतिनिधि राजकुमार कार्कीले हस्ताक्षर गरे । समझदारीसँगै निजी तथा आवासीय विद्यालयहरूमा खेलकुद कार्यक्रमको विकास, प्रवर्धन र समन्वयका लागि संयुक्त कार्य संरचना स्थापना गर्ने उद्देश्य लिइएको छ ।

विद्यार्थीमा शारीरिक स्वास्थ्य, सामूहिक भावना, अनुशासन र समग्र व्यक्तित्व विकासका लागि खेलकुदको महत्व रहेको प्याब्सनका अध्यक्ष कृष्णप्रसाद अधिकारीले बताए । सम्झौताअन्तर्गत पूर्वाधार विकास, प्रतियोगिता आयोजना, प्रतिभा पहिचान तथा शारीरिक शिक्षाको प्रवर्धनमा सहकार्य गरिने बताए ।

निजी तथा आवासीय विद्यालयहरूमा विद्यार्थीको खेलकुद तथा शारीरिक गतिविधिमा सक्रिय सहभागिता बढाउने, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरमा कप, गेम्स र स्कुल प्राइमर लिग लगायतका प्रतियोगिता आयोजना गरिने बताए ।

निजी तथा आवासीय विद्यालयहरूमा खेलकुद उपकरण र संरचना सुधारमा सहयोग गर्ने, युवा खेलाडीलाई पहिचान गरी उनीहरूलाई विशेष तालिम र प्रतिस्पर्धामार्फत विकास गर्न आवश्यक अवसर प्रदान गर्ने उद्देश्य राखिएको छ । सम्बन्धित पक्षहरूले खेलकुद कार्यक्रमका लागि आवश्यक आर्थिक तथा भौतिक स्रोतहरूको परिचालनमा सहकार्य गर्नेछन् ।

सरकारी निकाय, निजी क्षेत्र तथा अन्तराष्ट्रिय निकायहरूसँग सहकार्य गरी स्रोत जुटाउने उनको भनाइ छ । कार्यक्रमको प्रभावकारिता सुनिश्चित गर्न संयुक्त अनुगमन र मूल्यांकन प्रणाली लागू गरिनेछ ।

# कंग्रेसबाट विधेयक पारित भएपछि हौसिए ट्रम्प

## ‘अभूतपूर्व’ विजय भएको दाबी



**डेस मोइन्स (अमेरिका)–** अमेरिकी कंग्रेसले आफ्नो हस्ताक्षर कर र खर्च विधेयकलाई न्यूनतम बहुमतले पारित गरेपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार आयोवामा भएको जनसभामा समर्थकहरूलाई उत्साहित गर्न ‘अभूतपूर्व विजय’ को घमण्ड गरेका छन्। यसले उनको कट्टरपन्थी दोस्रो कार्यकालको एजेण्डालाई बलियो बनाएको छ।

उत्साहित राष्ट्रपतिले अलोकप्रिय विधेयकको प्रशंसा गर्दै अमेरिकाको एक वर्ष लामो २५०औं जन्मदिन समारोहको सुरुआत गरे । यसले उनको आफ्नै रिपब्लिकन पार्टीभित्र र सर्वेक्षणअनुसार धेरै अमेरिकीमाझ गहिरो चिन्ता पैदा गरेको छ।

पारित विधेयकले राष्ट्रिय ऋण बढाउने छ, स्वास्थ्य र कल्याणकारी सहयोग र स्वच्छ ऊर्जालाई नष्ट गर्ने छ र ट्रम्पको आप्रवासी दमनलाई बढावा दिने छ भन्ने धेरैलाई डर छ। ‘अमेरिकाका लागि केही घण्टा अगाडि हामीले हासिल गरेको अभूतपूर्व विजयभन्दा राम्रो जन्मदिनको उपहार हुन सक्दैन,’ ट्रम्पले राज्यको राजधानी डेस मोइन्समा समर्थकहरूलाई भने, ‘धेरै सरल रूपमा, यो एक, ठूलो सुन्दर विधेयकले पृथ्वीमा सबैभन्दा बलियो सिमाना, पृथ्वीमा सबैभन्दा बलियो अर्थव्यवस्था, पृथ्वीमा सबैभन्दा बलियो सेना प्रदान गर्ने छ र संयुक्त राज्य अमेरिका हाम्रो यो सुन्दर ग्रहको कुनै पनि ठाउँमा सबैभन्दा बलियो देश बनेर रहने छ भन्ने सुनिश्चित गर्ने छ।’

हाउस अफ रिप्रेजेन्टेटिभमा रिपब्लिकन विपक्षीहरूको सानो समूहलाई अन्ततः सभामुख माइक जोन्सनले एकजुट गरेपछि लाइनमा आएसँगै विधेयक बिहीबार पहिले अन्तिम मतदानमा २१८–२१४ ले पारित भयो । ट्रम्पले अमेरिकी स्वतन्त्रता दिवस शुक्रबार कानुनमा हस्ताक्षर गर्ने र दुई हप्ताअघि इरानमा अमेरिकी आक्रमण गरेका पाइलटहरू उपस्थित हुने बताए।

सामूहिक निर्वासन, कर छुट

यो कानुन ट्रम्पका लागि ठूलो जितको शृंखलामा पछिल्लो हो । यसमा गत हप्ता सर्वोच्च अदालतको फैसलाले एकल संघीय न्यायाधीशहरूलाई उनको नीतिहरू रोक्नबाट सीमित गरेको थियो तथा इजरायल र इरानबीच युद्धविराम ल्याउने अमेरिकी हवाई आक्रमणहरू समावेश छन्। उनको विशाल मेगा-विधेयक मंगलबार सिनेटमा न्यूनतम बहुमतले पारित भयो र सिनेटरहरूको संशोधनहरूको स्वीकृतिका लागि तल्लो सदनमा फर्काउनुपर्‍यो।

यो प्याकेजले सैन्य खर्च बढाउने, सामूहिक आप्रवासी निर्वासन अभियानलाई कोष प्रदान गर्ने र आफ्नो पहिलो कार्यकालको कर राहतलाई विस्तार गर्न ४५ खर्ब डलर प्रतिबद्ध गर्नेजस्ता ट्रम्पका धेरै चुनावी प्रतिज्ञाहरूलाई सम्मान गर्छ । ‘बाइडेन-हचारिस कट्टरपन्थी शासनअन्तर्गत सबै कुरा पूर्णविपत्ति थियो र हामीले एउटा ठूलो, सुन्दर विधेयकमा सकेसम्म धेरै मर्मत गर्नका लागि सबैभन्दा राम्रो प्रयास गर्‍यौं,’ सभामुख जोन्सनले भने, ‘र, म धेरै कृतज्ञ छु कि हामीले त्यो काम सकायौं।’

तर यसले संघीय खाद्य सहायता कार्यक्रम संकुचित गर्दै र सन् १९६० को दशकमा सुरु भएदेखि कम आय भएका अमेरिकीहरूका लागि मेडिकेड स्वास्थ्य बिमा योजनामा सबैभन्दा ठूलो कटौतीको माध्यमबाट बाध्य पार्दै देशको द्रुत वृद्धि हुने घाटामा एक दशकमा थप ३४ खर्ब डलर थप्ने अपेक्षा गरिएको छ।

केही अनुमानले विधेयकअन्तर्गत आफ्नो बिमा कभरेज गुमाउने प्राप्तकर्ताहरूको कूल संख्या एक करोड ७० लाख राख्छन् । धेरै ग्रामीण अस्पताल बन्द हुने अपेक्षा गरिएको छ । सदनमा रिपब्लिकन मध्यमार्गीहरूलाई कटौतीले अर्को वर्ष तिनीहरूको पुनः निर्वाचनको सम्भावनालाई हानि पुर्‍याउने डर छ भने प्रतिज्ञा गरिएको भन्दा धेरै कम भएको भन्दै वित्तीय बाजहरू बचतलाई लिएर आक्रोशित छन् । जोन्सनले कडा मार्जिनमा वार्ता गर्नुपर्‍यो र अन्तिम मतदानमा केवल मुठ्ठीभर सांसदहरू मात्र गुमाउन सक्थे । यो दुई दर्जनभन्दा बढी थिए । उनीहरूले पहिले ८६९ पृष्ठको पाठलाई अस्वीकार गर्न खुला रहेको घोषणा गरेका थिए।

ट्रम्पले फोन गरेर र ह्वाइट हाउस बैठकहरू आयोजना गरेर घरमा कल्याणकारी प्राप्तकर्ताहरूलाई रिसाउने र राष्ट्रपतिको क्रोध निम्त्याउने बीचमा फसेका सांसदहरूलाई मनाउन हप्तौं बिताए । विधेयकले सबैभन्दा गरिब अमेरिकीहरूबाट सबैभन्दा धनी व्यक्तिहरूमा सम्पत्तिको ठूलो पुनर्वितरण प्रतिनिधित्व गर्छ भन्ने तथ्यांकलाई औंल्याउँदै डेमोक्रेटहरूले विधेयकको सार्वजनिक विरोधले तिनीहरूलाई सन् २०२६ मध्यावधि चुनावमा सदनलाई पल्टाउन मद्दत गर्ने छ भन्ने आशा गरेका छन्।

‘यो विधेयक, यो एउटा ठूलो, कुरूप विधेयक-यो लापरवाह रिपब्लिकन बजेट, यो घृणित घृणास्पद-अमेरिकी जनताको जीवनस्तर सुधार गर्ने बारेमा होइन,’ सदनका अल्पसंख्यक नेता हाकिम जेफ्रिजले भने । विधेयक पारित भएपछि ट्रम्पका पूर्ववर्ती जो बाइडेनले भने, ‘यो लापरवाह मात्र नभएर निर्दयी छ।’ *रासस/एएफपी*

# युक्रेन युद्धविरामबारे पुटिनसँगको छलफलबाट खुसी छैनन् ट्रम्प



**वासिङ्टन–** युक्रेन युद्ध अन्त्यका लागि रुसी नेता भ्लादिमिर पुटिनसँग भएको फोनवार्तामा कुनै प्रगतिको महसुस आफूले नगरेको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बताएका छन्।

वासिङ्टनले किएभमा केही हतियार ढुवानी रोकेपछि युक्रेनमा तीन वर्षभन्दा लामो समयदेखि जारी द्वन्द्व अन्त्यका लागि अमेरिकी नेतृत्वको शान्ति वार्ता रोकिएको ट्रम्पको गम्भीर आकलन आएको हो । ‘हामी (पुटिन र अमेरिकी राष्ट्रपति ट्रम्प) ले धेरै लामो फोन संवाद गरेका छौं। यो साँच्चै नै धेरै लामो कल थियो । फोनवार्तामा हामीले इरानसहित धेरै विषयमा कुरा गर्‍यौं र हामीले युक्रेनसँगको युद्धको बारेमा पनि कुरा गर्‍यौं। म छलफलबाट खुसी छैन,’ राष्ट्रपति ट्रम्पले पत्रकार सम्मेलनमा भने।

युद्ध अन्त्यका लागि कुनै सम्झौताको नजिक पुग्नुभएको छ कि भनेर सोधिएको प्रश्नको जवाफमा ट्रम्पले भने, ‘अहँ, मैले उहाँसँगको वार्तामा युक्रेन युद्धबारे कुनै प्रगति भएको महसुस गर्न सकिन।’

अमेरिकी रिपब्लिकन नेता ट्रम्पको यो संवादप्रतिको दृष्टिकोण असामान्यरूपमा निराशाजनक देखिएको छ । जनवरीमा सत्तामा फर्केपछि पुटिनसँग यसअघि भएका पाँचवटा वार्तापछि उनले सम्झौताको दिशामा प्रगतिको आशा देखिएको बताएका थिए।

रुसी नेता पुटिनप्रति प्रारम्भिक दृष्टिकोण राखेपछि उनले युद्ध अन्त्यका लागि रूसी नेताको धारणाप्रति निराशा व्यक्त गरे । हालैका हप्ताहरूमा उनले इरान-इजरायल द्वन्द्वमा मध्यस्थता गर्ने पुटिनको प्रस्तावलाई अस्वीकार गरेका थिए भने पुटिनलाई युक्रेन युद्धमा ध्यान केन्द्रित गर्न सुझाव दिएका थिए।

उक्त वार्ता करिब एक घण्टासम्म चलेको र पुटिनले रुसको लक्ष्यलाई नछोड्ने दृढता व्यक्त गरेको मस्कोबाट क्रेमलिन स्रोतले दिएको जानकारीमा उल्लेख गरिएको छ। क्रेमलिनका सहयोगी युरी उशाकोभले भने, ‘हाम्रा राष्ट्रपतिले रुसले तय गरेको लक्ष्य हासिल गर्ने बताएका छन्। रुसले यी लक्ष्यहरू त्याग्ने छैन।’

मस्कोले लामो समयदेखि युक्रेनमा आफ्नो अधिकतमवादी उद्देश्यलाई द्वन्द्वको ‘मूल कारण’ बाट छुटकारा पाउनका लागि भएको बताउँदै आएको छ, तर, किएभले उसको नाटोको सदस्यता प्राप्त गर्ने महत्त्वाकांक्षाहरू त्याग्न माग गर्दै आएको छ। *रासस/एएफपी*



श्रीलंकाको कादुगन्नावामा परम्परागत ड्रम बनाउँदै एक व्यक्ति । श्रीलंकाको मध्य क्षेत्र, विशेषगरी कादुगन्नावा, परम्परागत काठका ड्रमहरू बनाउन र प्रयोग गर्नका लागि प्रसिद्ध छ, जुन अनुष्ठान र परम्परागत नृत्यहरूमा प्रयोग गरिन्छ। *तस्बिर: सिन्ह्वा*

# तालिबान सरकारलाई मान्यता दिने पहिलो देश बन्यो रूस



**काबुल–** अफगानिस्तानको सरकारले बिहीबार रुसले आफ्नो शासनलाई आधिकारिकरूपमा मान्यता दिने पहिलो देश बनेको भन्दै यसलाई ‘साहसी निर्णय’ भनेको छ । विदेशी समर्थित सरकारलाई अपदस्थ गरेपछि र इस्लामिक कानुनको कठोर संस्करण लागू गरेपछि तालिबान सन् २०२१ मा सत्तामा फर्किएको थियो।

सन् १९७९ देखि १९८९ सम्मको सोभियत आक्रमणसहित चार दशकको युद्धबाट देश निको हुँदै जाँदा उनीहरूले आधिकारिक अन्तर्राष्ट्रिय मान्यता र लगानी खोजिरहेका छन् । अफगानिस्तानका विदेशमन्त्री अमिर खान मुत्ताकीले बिहीबार काबुलमा अफगानिस्तानका लागि रुसका राजदूत दिमित्री जिरनोभसँग भेट गरेपछि यो घोषणा गरिएको हो। ‘यो साहसी निर्णय अरूका लागि उदाहरण बन्ने छ... अब जब मान्यताको प्रक्रिया सुरु भएको छ, रुस सबैभन्दा अगाडि थियो,’ मुत्ताकीले सामाजिक सञ्जाल एक्समा भएको बैठकको भिडियोमा भने।

‘इस्लामिक इमिरेटलाई आधिकारिकरूपमा मान्यता दिने पहिलो देश रुस हो,’ तालिबानको विदेश मन्त्रालयका प्रवक्ता जिया अहमद टकलले आफ्नो प्रशासनका लागि सरकारको नाम प्रयोग गर्दै भने। विदेश मन्त्रालयले मुत्ताकीको भनाइ उद्धृत गर्दै एक्समा पोस्ट गरेको छ, ‘यो सकारात्मक सम्बन्ध, आपसी सम्मान र रचनात्मक संलग्नताको नयाँ चरण हो।’

‘अफगानिस्तानको इस्लामिक इमिरेटको आधिकारिक मान्यताको कार्यले हाम्रा देशबीच धेरै क्षेत्रमा उत्पादक द्विपक्षीय सहयोगको विकासलाई बढावा दिने छ भन्ने हामी विश्वास गर्छौं,’ रुसको विदेश मन्त्रालयले टेलिग्राममा भनेको छ । मन्त्रालयले ‘ऊर्जा, यातायात, कृषि र पूर्वाधार’ मा सम्भावित ‘व्यावसायिक र आर्थिक सहयोग’ लाई प्रकाश पारेको छ।

मस्कोले काबुललाई ‘क्षेत्रीय सुरक्षा बलियो बनाउन र आतंकवाद र लागुपदार्थ तस्करीका खतराहरूसँग लड्न’ मद्दत गर्न जारी राख्ने आशा गरेको मन्त्रालयले बताएको छ। तालिबान अधिकारीहरूलाई अप्रिलमा ‘आतंकवादी संगठनहरू’ को सूचीबाट हटाउँदै र काबुलमा तालिबान राजदूतलाई स्वीकार गर्दै मस्कोले तालिबान अधिकारीहरूसँग सम्बन्ध सामान्य बनाउन हालका कदमहरू चालेको छ।

सन् २०२४ जुलाईमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले तालिबानलाई ‘आतंकवाद विरुद्धको लडाइँमा सहयोगी’ भनेका थिए । तालिबानले कब्जा गरेपछि काबुलमा व्यापार प्रतिनिधि कार्यालय खोल्ने पहिलो देश रुस थियो र अफगानिस्तानलाई दक्षिणपूर्व एसियामा जाने ग्यासको ट्रान्जिट हबका रूपमा प्रयोग गर्ने योजना घोषणा गरेको छ।

साउदी अरब, पाकिस्तान र संयुक्त अरब इमिरेट्सले मात्र सन् १९९६ देखि २००१ सम्मको पहिलो शासनकालमा तालिबानलाई मान्यता दिएका थिए । यसपटक, चीन र पाकिस्तानलगायत अन्य धेरै मुलुकले तालिबान राजदूतहरूलाई उनीहरूको राजधानीमा स्वीकार गरेका छन्, तर अमेरिकी नेतृत्वको नाटो सेनासँगको तत्कालीन विद्रोहको दुई दशक लामो युद्धको अन्त्य भएदेखि इस्लामिक इमिरेटलाई आधिकारिकरूपमा मान्यता दिएका छैनन्। विशेषगरी क्षेत्रीय छिमेकीहरूबाट, तर प्रमुख विश्वव्यापी खेलाडीहरू चीन र रुसबाट पनि तालिबान अधिकारीहरूसँग सीमित तर बढ्दो संलग्नता छ।

यद्यपि, महिला र केटीहरूमाथि लगाइएको प्रतिबन्ध, उनीहरूलाई शिक्षाबाट रोक्नु र सार्वजनिक जीवनबाट दबाउनु पश्चिमी राष्ट्रहरूका लागि प्रमुख अड्चन बिन्दुहरू बनेका छन्। धेरै अफगानी महिला कार्यकर्ताले रुसको मान्यताको तुरुन्तै निन्दा गरे । ‘यो कदमले केटीहरूलाई शिक्षाबाट प्रतिबन्ध लगाउने, सार्वजनिक कोर्रा लगाउने र संयुक्त राष्ट्रसंघद्वारा स्वीकृत आतंककारीहरूलाई आश्रय दिने शासनलाई वैधानिकता दिन्छ,’ अफगानिस्तानको संसद्की पूर्वसदस्य मरियम सोलाइमानखिलले भनिन्, ‘यो कदमले रणनीतिक हितहरू सधैं मानवअधिकार र अन्तर्राष्ट्रिय कानुनभन्दा बढी हुने छन् भन्ने संकेत दिन्छ।’

वरिष्ठ तालिबान व्यक्तित्वहरू संयुक्त राष्ट्रसंघद्वारासमेत अन्तर्राष्ट्रिय प्रतिबन्धअन्तर्गत छन् । काबुलकी अर्को पूर्वसांसद फौजिया कुफीले तालिबानको कुनै पनि मान्यताले ‘शान्ति नल्याउने, यसले दण्डहीनतालाई वैधानिकता दिने’ र ‘अफगानिस्तानका जनतालाई मात्र नभई विश्वव्यापी सुरक्षालाई खतरामा पार्ने जोखिम’ रहेको बताइन्। *रासस/एएफपी*

# श्रीलंकाको कूल गार्हस्थ उत्पादन १.५ प्रतिशतले घट्ने

**कोलम्बो–** संयुक्त राज्य अमेरिकाले श्रीलंकाको निर्यातमा ४४ प्रतिशत कर कायम गरेमा र प्रतिस्पर्धी व्यापारिक साझेदारहरूमाथिको कर घटाएमा श्रीलंकाको कूल गार्हस्थ उत्पादन (जिडिपी) मा १.५ प्रतिशतसम्म गिरावट आउन सक्ने अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को एक प्रतिवेदनले देखाएको छ।

संयुक्त राज्य अमेरिकाले श्रीलंकाविद्ध लगाएको ४४ प्रतिशत कर जुलाई ९ सम्मका लागि स्थगित भएको छ भने हाल आधारभूत १० प्रतिशत निर्यात करको सामना गरिरहेको छ।

आइएमएफका अनुसार विशेषगरी गार्मेन्ट क्षेत्रका लागि नाफादर कम छ जसले फर्महरूको पर्याप्त कर वृद्धिलाई अवशोषित गर्ने क्षमतालाई सीमित गर्दछ। प्रतिवेदनमा बाहय मागमा कमी र व्यापारमा देखिएको अस्थिरताका कारण कूल गार्हस्थ उत्पादनको तीन प्रतिशत बिन्दुले निर्यात घट्न सक्ने उल्लेख छ।

आइएमएफले आयातीत सामग्रीको न्यून आवश्यकता, विश्वव्यापी वस्तुको मूल्यमा आएको कमी र विनिमय दरको अवमूल्यनका कारण निर्यातमा आएको कमीलाई आंशिकरूपमा पूर्ति गर्ने बताएको छ । श्रीलंकाको प्रतिस्पर्धात्मक क्षमतामा आएको कमी र बढ्दो अनिश्चितताले व्यावसायिक लगानीलाई निरुत्साहित गर्ने र कूल गार्हस्थ उत्पादनमा नोक्सानी हुने आइएमएफले जनाएको छ । आइएमएफले बेरोजगारी बढ्ने चेतावनी पनि दिएको छ भने सहयोग प्रदान गर्न सरकारमाथि सार्वजनिक दबाबले सुधार कार्यान्वयनलाई सुस्त बनाउन सक्छ र कार्यक्रमको कमजोर प्रदर्शनको जोखिम बढाउन सक्छ। *रासस/एएफपी*

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९२१०० | प्रति तोला – ० | प्रति तोला – २१७० |

## मलेसियाका लगानीकर्तालाई नेपालमा लगानी गर्न आग्रह



■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपालको भौतिक पूर्वधार र पर्यटन क्षेत्रमा थप लगानी गर्न मलेसियाका लगानीकर्तालाई आग्रह गरेका छन् । नेपाल भ्रमणमा रहेको मलेसिया-नेपाल व्यापार परिषद्को प्रतिनिधिमण्डलमा सहभागी लगानीकर्तासँग मन्त्रालयमा भएको भेटमा उनले नेपालको पूर्वाधार विकास र पर्यटनमा राम्रो सम्भावना रहेको उल्लेख गर्दै थप लगानी गर्न अनुरोध गरेका हुन् ।

अर्थमन्त्री पौडेलले भने, 'निजी क्षेत्रबाट लगानीका लागि नेपालमा उपयुक्त वातावरण छ । हाम्रा नीतिहरू लगानीमैत्री छन् । लगानीका क्षेत्रहरू पहिचान गरी अघि बढ्नुहोस्, सरकार आवश्यक सहयोग गर्न र सहजीकरण गर्न तयार छ ।'

प्रतिनिधिमण्डलमा सहभागीहरूले सूचना प्रविधि, व्यापार, जलविद्युत् पूर्वधार, वातावरण, पर्यटनलगायत क्षेत्रमा लगानी गर्नेबारे चासो व्यक्त गरेका थिए । प्रतिनिधिमण्डलमा मलेसिया-नेपाल व्यापार परिषद्का अध्यक्ष प्रदीपकुमार कुकरेजा, डा चाइ कि खान, गणेशकुमार वनगाह, एमके संग्राहलगायत सहभागी थिए ।

## 'नेपालमा ५०० माथिका भारु नोट चलाउनसक्ने अवस्था छैन'

■ प्रभाव संवाददाता

**काठमाडौं –** उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपालले मात्रै चाहेर पनि भारतीय रूपैयाँ ५०० देखि माथिका बैंक नोट नेपालमा सञ्चालन गर्न नसकिने बताएका छन् ।

अर्थ समितिको शुक्रबारको बैठकमा अर्थमन्त्री पौडेलले रू ५०० देखि ठूलो दरका भारतीय बैंक नोट नेपालमा चलाउन भारतको पनि सहमति आवश्यक पर्ने आशय व्यक्त गरेका हुन् । 'हाम्रो मात्रै निर्णयले भारु ५०० दरका नोट यहाँ चलाउन सम्भव छैन । हामीले फेरि भारत पठाउनुपर्ने भएकाले त्यो सहज छैन, त्यसभन्दा साना दरका नोटमा भने समस्या छैन', अर्थमन्त्री पौडेलले भने ।

बैठकमा सांसदहरूले ठूला दरका भारतीय बैंक नोट नेपालमा नचल्ने र अमेरिकी डलर पाँच हजार तथा भारु छ लाखभन्दा बढी नेपालमा बोक्न नमिल्ने भएका कारण त्यसले पर्यटकलाई समस्यामा पारेको विषय उठाएका थिए । जवाफमा अर्थमन्त्री पौडेलले भारु चार लाखसम्म भन्सार घोषणा नगराइकनै र भारु छ लाखसम्म भन्सार घोषणा गराएर नेपाल ल्याउन पाउने व्यवस्था रहेको बताउँदै पछिल्लो समय डिजिटल भुक्तानी र क्युआरबाट हुने कारोबारले सहज बनाएको बताए । भारतले २०७३ सालमा नोटबन्दी गर्नुअघि नेपालमा भारु ५०० दरदेखि ठूला नोटहरू चलनचल्तीमा थिए । तर नोटबन्दी पछि भारतले नेपालमा रहेका भारु साटेको थिएन ।

समितिको बैठकमा अर्थमन्त्री पौडलले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ (बाफिया) लाई समितिबाट चाँडो टुंग्याइनुपर्नेमा आवश्यकता औंल्याए । 'बाफिया विधेयक समितिबाट चाँडो पारित भएर जाओस् । जुन तहसम्मको छलफलको माग गर्छ त्यो छलफल गरौं । हतारमा निर्णय गर्ने भनेको होइन । तर छिटो निष्कर्षमा पुगौं', अर्थमन्त्री पौडेलले भने । विधेयकलाई चाँडो अन्तिम रूप दिनका लागि चाहिने सबै किसिमका सहयोग गर्न मन्त्रालय तयार रहेको उनको भनाइ छ ।

बाफिया विधेयकमाथि सांसदहरू देवेन्द्र पौडेल र डा अमरेशकुमार सिंहले राखेको संशोधन प्रस्तावमाथि आजको बैठकमा छलफल भएको थियो । सांसद पौडेलले बाफिया संशोधनमार्फत लगानीका लागि सहज बनाउने गरी कर्जा नीति अवलम्बन गरिनुपर्ने बताए ।

त्यस्तै, सांसद सिंहले स्वार्थको द्वन्द्व हटाउनका लागि बैंकर र व्यवसायी छुट्याउनुपर्ने, उत्पादनशील क्षेत्रमा कर्जा लगाउने बढाउने, निश्चित व्यावसायिक घरानाले मात्र कर्जा प्रयोग गर्ने अवस्था अन्त्य गरेर सर्वसाधारणलाई पनि सजिलै कर्जा उपलब्ध गराउन सकिने नीति लिइनुपर्ने, क्रिप्टोकरेन्सी कारोबारलाई कानुनको दायराभित्र ल्याउनुपर्नेलगायत सुझाव दिएका थिए ।

बैठकमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरूप्रसाद पौडेलले अहिले १९ लाख ६० हजार ऋणीलाई रू ५६ खर्ब हाराहारीमा कर्जा प्रवाह भएको बताए । त्यस्तै, अहिले बैंकिङ प्रणालीमा रू ७० खर्ब हाराहारी निक्षेप रहेको उनको भनाइ छ । राष्ट्र बैंकले कृषि, ऊर्जा, साना तथा मझौला उद्योगलगायत क्षेत्रगत कर्जालाई प्राथमिकता दिएको र किसान तथा महिलालक्षित सहुलियत अनुदान कार्यक्रम चलाइरहेको बताए ।

यो विधेयक २०८० चैतमा संसद्मा दर्ता भएको थियो । समितिमा विचाराधीन विधेयकमा डिजिटल मुद्रा प्रयोग तथा डिजिटल बैंकिङलाई कानुनी मान्यता दिने, बैंक सञ्चालक समितिमा रहेका व्यक्तिको जिम्मेवारीमा स्पष्टता खोज्ने, आफैं शेयर धनी रहेका बैंकबाट ठूलो कर्जा लिने प्रवृत्तिलाई निरुत्साहन गर्नेलगायत विषय राखिएका छन् ।

त्यस्तै, राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा विकसित वित्तीय प्रणाली, वित्तीय औजार, वित्तीय सुरक्षा, वित्तीय जोखिम समेतका आधारमा बैंक तथा वित्तीय संस्थाको प्रभावकारी व्यवस्थापन एवं नियमनका लागि कानुनी प्रबन्ध गर्न पनि यो विधेयकले महत्वपूर्ण भूमिका खेल्ने ठानिएको छ ।

## रावाबेंसीबाट करोडभन्दा बढीको लिची बिक्री

**खोटाङ (प्रस)–** रावाबैंसी गाउँपालिकाका किसानले लिची बेचेर करिब रु एक करोड आर्जन गरेका छन् । यो पालिकाम यसपटक १८४ मेट्रिक टन लिची उत्पादन भएको छ । छ वडा रहेको यो गाउँपालिका-१ कुभिण्डेमा सबैभन्दा बढी ८८ मेट्रिक टन लिची उत्पादन भएको जनाइएको छ ।

कुभिण्डेमा ११ हेक्टरमा लगाइएको लिचीले उत्पादन दिन थालेको गाउँपालिकाका कृषि शाखा प्रमुख उद्धव बास्तोलाले बताए । पालिकाको वडा नं २ खार्पामा २४ मेट्रिक टन, वडा नं ३ लामीडाँडामा १६, वडा नं ४ धारापानीमा १६, वडा नं ५ दुवेकोलमा आठ र वडा नं ६ हौँचुरमा ३२ मेट्रिक टन उत्पादन भएको छ। आफूले रु ३० हजारको लिची बिक्री गरेको कुभिण्डेस्थित लाङ्गाली चोकका प्रेमबहादुर मगरले बताए ।

## बेलायती कम्पनीलाई नेपालमा लगानी गर्न अध्यक्ष ढकालको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बेलायती कम्पनीहरूलाई नेपालमा लगानी गर्न आग्रह गरेका छन् । बेलायत-नेपाल चेम्बर अफ कमर्स र नेपाल दूतावास, लन्डनको संयुक्त आयोजनामा लण्डनमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले जलविद्युत, पर्यटन, कृषि, सूचना प्रविधि, पूर्वाधार र उत्पादन क्षेत्रमा आकर्षक अवसरहरू रहेको बताउँदै बेलायती व्यवसायीहरूलाई लगानीको लागि आग्रह गरेका हुन् ।

नेपाल र बेलायतबीचको आर्थिक सम्बन्धलाई थप प्रगाढ बनाउने उद्देश्यसहित लण्डनस्थित नेपाली दूतावासमा आयोजित कार्यक्रममा दुवै देशका व्यापारी, लगानीकर्ता र समुदायका प्रतिनिधिहरूको सहभागिता थियो ।

कार्यक्रममा विशेष सम्बोधन गर्दै अध्यक्ष ढकालले नेपाल र बेलायत बचि २ सय वर्षभन्दा लामो ऐतिहासिक सम्बन्ध रहेको, गोरखा सैनिकहरू भर्ती, विकास सहयोग, शिक्षा र व्यापारमा बेलायतको ठूलो योगदान रहेको चर्चा गर्दै दुई देशबीचको यो सम्बन्धलाई व्यापार र लगानीमार्फत थप उचाइमा पुऱ्याउनु पर्ने बताए ।

नेपालमा लगानीका प्रशस्त सम्भावनाहरू रहको चर्चा गर्दै उनले नेपालको रणनीतिक भौगोलिक अवस्थिती, युवा र दक्ष जनशक्ति, कम श्रम लागत, र विस्तार भइरहेको मध्यम वर्गले लगानीमैत्री वातावरण निर्माण गरेको बताए ।

'नेपालमा जलविद्युत, पर्यटन, कृषि, सूचना प्रविधि, पूर्वाधार र उत्पादन क्षेत्रमा आकर्षक अवसरहरू रहेको छ । नेपालसँग ४० हजार मेगावाटभन्दा बढी जलविद्युत उत्पादन गर्न सक्ने क्षमता छ । स्वच्छ र हरित ऊर्जा भविष्य हो, र हामी बेलायती कम्पनीहरूलाई यी अवसरमा सहभागी हुन आमन्त्रण गर्छौं,' अध्यक्ष ढकालले भने ।

सूचना प्रविधिमा नेपाली युवाको सीप र दक्षताले नेपाललाई आउटसोर्सिङ र डिजिटल सेवाको प्रतिस्पर्धी हब बनाउन सकिने बताउँदै अध्यक्ष ढकालले लगानीकर्तालाई नेपालमा लगानीको लागि आवश्यक सहजीकरण र स्थिर वातावरण प्रदान गर्न महासंघ प्रतिवद्ध रहेको बताए ।

## 'औद्योगिक विकासका लागि नीतिगत स्पष्टता आवश्यक'

**गण्डकी (प्रस)–** पूर्वअर्थमन्त्री तथा गभर्नर डा. युवराज खतिवडाले औद्योगिक विकासलाई अघि बढाउन नीतिगत स्पष्टता, पूर्वाधार निर्माण र सुरक्षाको प्रत्याभूति आवश्यक रहेको बताएका छन् । लेखनाथ उद्योग वाणिज्य संघको २९औं स्थापना दिवस तथा २८औं वार्षिकोत्सव समारोहका अवसरमा शुक्रबार आयोजित 'राष्ट्रिय अर्थतन्त्र र साना तथा मझौला उद्योग व्यवसायीका चुनौती तथा समाधान' कार्यक्रमको उद्घाटन गर्दै उनले वर्तमान परिस्थितिमा निराश हुनुपर्ने अवस्था नभएको स्पष्ट पारे ।

संघका अध्यक्ष विनोद श्रेष्ठले युवाशक्ति विदेशिने समस्याको समाधान रोजगार सृजना नै भएको बताए । लेखनाथलाई प्रदेशस्तरीय औद्योगिक क्षेत्र तथा स्थायी सभाहलको आवश्यकता रहेको उल्लेख गर्दै उनले पर्यटनको प्रचुर सम्भावना बोकेको यस क्षेत्रमा संघीय सरकारले प्राथमिकता दिनुपर्नेमा जोड दिए । गण्डकी विश्वविद्यालयका उपकुलपति प्रा.डा. इन्द्रप्रसाद तिवारीले व्यावसायिक दृष्टिकोण विकासमा नेतृत्व गरेका वर्गले साना व्यवसायीको हितमा काम गर्न सुझाव व्यक्त गरे। धार्मिक, शैक्षिक तथा पर्यटकीय सम्भावना बोकेको लेखनाथ क्षेत्रको समुचित विकास आवश्यक रहेको उनको भनाइ छ । नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका अध्यक्ष अमृत भट्टचनले आर्थिक मन्दीका बाबजुद पनि संघका सदस्यहरू उत्पादनमा लागिरहेकामा प्रशंसा व्यक्त गरे ।

बक्यौता चुक्ता गर्ने बारे
अत्यन्त जरुरी सूचना !
यस प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशन गरी सहकार्य गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै, चालु आर्थिक वर्ष २०८१/८२ मा विज्ञापन प्रकाशित गरेबापत हिसाब मिलान गर्न बाँकी रहेका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूलाई यही मिति २०८२ असार २५ गतेसम्म सम्पूर्ण बक्यौता चुक्ता गरी हिसाब मिलान गर्नुहुन यसै सूचनामार्फत सादर अनुरोध गर्दछौं ।
लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email: marketing2prabhab@gmail.com

## नेपाली व्यवसायीका लागि आकर्षक बन्दै केरुङ

**रसुवा–** काठमाडौंबाट नजिक रहेको रसुवागढी नाका हुँदै मित्रराष्ट्र चीनको तिब्बतस्थित केरुङ बजार नेपाली व्यवसायीको रोजाइमा परको छ ।रसुवा जिल्लाका बासिन्दालाई मात्र प्राप्त हुने सीमा परिचयपत्रका आधारमा केरुङमा व्यापार-व्यसाय गर्न पाउने सुविधा भएसँगै बाहिर जिल्लाका बासिन्दाको समेत बसाइँसराइका आधारमा सो परिचयपत्र लिन दौडधुप गरेको देखिन्छ ।

उक्त परिचयपत्रवाहकले व्यावसायिक कामकाजका सन्दर्भमा उक्त नाका हुँदै केरुङ आइजाइ गर्न पाउने व्यवस्था छ । अध्यागमन कार्यालय रसुवागढीले चालु आर्थिक वर्षमा २४२ रसुवावासीलाई सीमा परिचयपत्र प्रदान गरेको छ ।

रसुवागढी अध्यागमन कार्यालय घट्टेखोलाका वरिष्ठ अध्यागमन सहायक मेघराज शर्माका अनुसार कति रसुवावासीसँग यस किसिमको पास भएको भन्ने यकिन तथ्यांक नभए पनि अहिलेसम्म करिब ३० हजार रसुवावासीले सीमा परिचयपत्र लिएको अनुमान छ ।

अन्यत्रबाट रसुवामा बसाइँ सरेपछि प्राप्त गर्न सकिने सीमा परिचयपत्र लिई केरुङमा व्यापार-व्यवसाय गर्नेको संख्या वृद्धि भइरहेको अध्यागमन सहायक शर्माले जानकारी दिए । अध्यागमन कार्यालयका अनुसार एकपटक पास लिएपछि हरेक वर्ष नवीकरण गर्नुपर्ने प्रावधान रहेको छ ।

जिल्लास्थित राजनीतिक पार्टीका नेता तथा नागरिक समाजका अगुवाले सीमा परिचयपत्र वाहकले केरुङमा घर भाडामा लिन र ढुक्कसँग व्यापार-व्यवसाय गर्न पाउने भएपछि बसाइँसराइ आउनेको संख्या वृद्धि भएकाले यसबाट भविष्यमा अनेकौं समस्या सिर्जना हुनेसक्नेतर्फ सम्बद्ध निकायको ध्यानाकर्षण गरेका छन् ।

पछिल्लो समय बसाइँसराइको संख्या बढेपछि जग्गाधनी प्रमाणपुर्जा, घर निर्माणसहित विद्युत् महसुल तिरेको प्रमाणपत्र र सम्बन्धित वडाको सिफारिससमेत आवश्यक हुने प्रावधान राखेसँगै बाहिर जिल्लाबाट यहाँ आउनेको संख्या कमी हुने अपेक्षा गरिएको छ ।

यसै सन्दर्भमा माइती नेपाल रसुवागढी शाखाकी सीमा इन्चार्ज बीरू तामाङले रोजगारीका लागि रसुवागढीनाकाबाट ५०० नेपाली महिला केरुङ गएका छन् । रोजगारीका लागि केरुङ गएका ती महिलामध्ये २०/२५ जनाले आफ्नै लगानीमा पसल सञ्चालन गरेका र बाँकीले होटल, पसल तथा तिब्वेतियनको घरमा रोजगारी गरिरहेको इन्चार्ज तामाङले जानकारी दिए ।

केरुङ आवतजावत गर्ने व्यवसायीले दिएको जानकारीअनुसार नेपालीले केरुङमा करिब २० वटा होटल तथा लज खोलेका छन् । यसरी केरुङमा होटल खुलेपछि आफ्नोपन महसुस गरी सुपथ मूल्यमा दालभात खान र सुत्न नेपालीलाई सहज भएको छ । यसैगरी, खुद्रा पसलबाहेक १५/२० जनाले सिलाइबुनाई गर्ने, करिब १५ जनाले सुनका गरगहना बनाउने र अन्य व्यक्ति मजदुर पेसामा रमाइरहेको बताइएको छ । यसैगरी, यस वर्ष रसुवागढी नाकाबाट मानसरोवर कैलाश तीर्थका लागि दुई हजार ३९८ पुरुष र एक हजार ६१४ महिला गएको अध्यागमन कार्यालय रसुवाले जनाएको छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ